पिउने सूर्यले आफ्नो प्रचण्ड तेजबाट संसारलाई संतप्त बनेको देखेर उपकारबुद्धिले जल वर्षाई सबैको साधुवाद पाउँछन् र सुहाउँछन् । भगवन् ! तपाईंले पनि जगत्-लाई अज्ञानमा रुमलिएको र दुःखी देखेर शाश्वत सुख प्रदान गर्न वेदरूपी अमर धन प्रदान गर्नु भयो ।

॥ १० ॥

पूर्वरूप-- ..... करुणादृतेन नित्यं पृथुमति .....
... किमिदमस्ति वाच्यशेष प्रकथितधर्मविद्या

परिष्कृतरूप--

[प्रत्येकं नृषु] करुणादृतेन नित्यं [लोकानां] पृथुमति [शोधनाय देव ?] ।
[सत्यं ब्रह्म] किमिदमस्ति वाच्यशेषः [प्रोक्ता सा] प्रकथितधर्मविद्या ॥

अनुवाद-- भगवन् ! प्राणीहरूप्रति दया गर्न तत्पर रहने तपाईंले मानिसहरूको स्थूलबुद्धिलाई संशोधन गर्ने अभिप्रायले अभिप्रेरित भई सत्य ब्रह्म भनेको के हो ? भन्ने प्रश्न उठ्याएर यस तत्त्वलाई वचन, मन र बुद्धिले व्यक्त गर्न सक्नैनन् र जो दृश्यमान् जगत्मा देखिने तत्त्वहरू भिन्न पर्दैन त्यही नै ब्रह्म हो भन्ने वेद र धर्मशास्त्रको गहनतम् सारतत्त्वलाई उत्तरका रूपमा प्रस्तुत गर्नु भएको छ ।

॥ ११ ॥

(नरैः) परान् नास्तिकतां प्रपन्नै स्वयीविरोधेन निवार्यमाणः ।
(धर्मो) व्यवस्थास्यत नाद्य लोके धर्ता त्वमस्या यदि (ना) भविष्यः ॥

अनुवाद-- नास्तिकताको चरम सीमामा पुगेका मानिस-हरूबाट वेदको विरोध गरिनाले वैदिक धर्म यस धर्तीबाट बिदा हुन लाग्दैको बेला वेदका संरक्षक तपाईं मजन्मेको भए वैदिक धर्म अस्तित्वको संकटमा पर्ने थियो ।

॥ १२ ॥

परिष्कृतरूप--

[संहृत्य] वेदं व्यवकीर्णवाक्त्वादनादिनिष्ठं [स नुतस्त्व[9]] या च ।
[व्याप्तः] कथं वेद इहाभविष्यत् त्वं भारतादि यद्वि (ना) तनिष्यः ॥

अनुवाद-- अनादिकालदेखि गुरुपरम्परामा छरिएर रहेको अनादि ब्रह्मको प्रतिपादक वेदलाई एकत्रित गरेर तपाईंले उक्त ज्ञानराशिको सम्मान गर्नु भयो । ज्ञानराशि वेदको व्यापक प्रचार-प्रसारका दृष्टिले तपाईंले महाभारत आदि ग्रन्थहरूको प्रणयन नगरेको भए वेद संसारमा कसरी व्याप्त हुन सक्ने थियो र ?

॥ १३ ॥

परिष्कृतरूप--

(प्र)माणशुद्ध्या विदितार्थतत्त्वः प्रकाश्यमाणं [परधर्मनि] ष्ठैः ।
[सद्धर्म] मित्थं जगतो हितैषी न प्रातनिष्यद् यदि (ना) [भविष्यत्[10]] ॥

अनुवाद-- प्रत्यक्ष, अनुमान र आप्तवाक्यादि प्रमाणहरूको विशुद्ध प्रयोगद्वारा वेद विद्याको तत्त्वबोध गर्नुभएका संसारका हितैषी तपाईं नजन्मिनु भएको भए विधर्मी-हरूद्वारा हल्लाइएको सत्य सनातन धर्मको विस्तार कसरी हुन सक्थ्यो भन्ने कुरा विचारणीय छ ।

॥ १४ ॥

परिष्कृतरूप--

(स्वमौ) ढ्यमात्राश्रयणादभीदृग् कुतार्किकैस्तद्वि (निवार्य) माणम् ।
[शास्त्रं] व्यचैषीन् न पृथक् प्रमाणं कथं तद [ऽ] स्वातुभिदं [समर्थम्[11]] ॥

अनुवाद-- आफ्नो मूर्खताको आश्रय लिई निरन्तर कुतार्किक नास्तिकहरूद्वारा निराकरण गरिएको आगम जो स्वयं प्रमाणका रूपमा छ त्यो तपाईंको योगदान नपाएको भए यहाँ कसरी अस्तित्वमा आउन सक्ने थियो ?

---

(९) पूर्वसंशोधनमा (वचसा त्व) गराइएको छ । अघिल्ले अर्थसङ्गतिका लागि [स नुतस्त्व] गराइएको छ ।

(१०) मूलपाठमा "यः" रहेको हुँदा अर्थसङ्गतिका लागि मध्यमपुरुषको सट्टा प्रथमपुरुष बनाइएको छ ।

(११) मूलपाठमा "पः" रहेको छ ।

॥ १५ ॥

परिष्कृतरूप–

[त्यागेऽ] पि च प्राणवियोगहेतु नं प्रत्यवायो (यदि नान्य) थै [नम्[12]]

[यज्ञं] त्वमेव प्रतिवेत्सि सम्यक् न वेदिताऽन्यो भुवि कश्चि (दस्ति)

अनुवाद– सन्ध्यावन्दन आदि नित्ययज्ञहरू पालन नगर्दा पनि मृत्युका कारण बन्दैनन् र पालन गर्दा पनि पुण्यका कारण बन्दैनन् केवल प्रत्यवायको दोषबाट बचाउँछन् । यस स्थितिमा यज्ञ गर्नुको वास्तविक कुरालाई केवल तपाईं बुझ्नु हुन्छ अरू बुझ्ने र बुझाउने मानिस पृथ्वीमा छैनन् ।

॥ १६ ॥

परिष्कृतरूप–

[गुण] स्तुतिः स्यादनुवादतो वा स्तुत्येषु वाचां द्वतयं (प्रवृत्तम्) ।

(स्तु) तिर्गुणानां विधिना न सत्वान् न चानुवाद स्त्वदि [वादहीने] ॥

अनुवाद-- पुराकल्प र अनुवाद वचनका यी दुई शैलीबाट आराध्यको महिमागायन गरिन्छ । तपाईंमा विधिपूर्वक गुण नरहनाले गुणस्तुति गर्न जानिंदैन र तपाईं गुणातीत तत्त्वरूप हुनुभएको हुँदा गुणानुवाद गर्न सकिंदैन ।

॥ १७ ॥

परिष्कृतरूप–

[परो] न धर्मं सकलं न्यहिंसीत् त्वन्नैव रागादिरयं न्य (भान्सीः) ।

स्वर्गैषिणीं वैषायिकीञ्च तृष्णां विधूय शुद्धस्त्वमिति (प्रसिद्धः) ॥

अनुवाद-- तपाईं जस्ता महापुरुषका सत्प्रयासका कारण-बाट धर्मविरोधीहरूले धर्मको सम्पूर्ण स्वरूपलाई खल्बल्याउन सकेनन् । तपाईं जतिसुकै ब्रह्मवेत्ता हुनु भएपनि नियतिको वलवत्ताबाट वासनादेखि मुक्त भई रागद्वेषको वेगलाई रोक्ने काममा सक्षम हुनु भएन । तर स्वर्गको तीव्र इच्छा र विषयभोगको उत्कट अभिलाषालाई लत्याएर शुद्धरूपमा रहनु भएका तपाईं त्यागकै कारण-बाट संसारमा यशस्वी हुनु भयो ।

॥ १८ ॥

धर्मार्थकामाद्यविविक्तरूपं यदि व्यवारिष्यत सर्ववादः ।

(दूरात्) स्मृतीनामगतेः श्रुतीनां तदद्य लोके नियतं (व्यनश्यत्) ॥

अनुवाद-- वौद्धसिद्धान्तले धर्म, अर्थ, काम र मोक्षको मौलिक सिद्धान्तलाई दबाउन पाएको भए, सामान्य मानिसका नजरमा धर्मशास्त्रको मर्म प्रतिबिम्बित हुन नसक्नु र वेदाध्ययनमा विलकूल सामर्थ्य नहुनु जस्ता कारणबाट धर्म आदिको सक्कली रूप वस्तुतः लुप्त भएर जाने थियो । (तर त्यसो हुन पाएन किनकि स्वयं तपाईले वैदिक धर्मको रक्षा गर्नु भयो) ।

॥ १९ ॥

(वि)पाट्य मोहानमृतं[13] व्यसृक्षत् स्वयञ्च धर्मादिजगत्यतिष्ठथाः ।

(त्व)यी त्वयागाज् जगति प्रतिष्ठां त्वमेव धर्मान् विविधानतिष्ठिपः ॥

अनुवाद– काम, क्रोध, लोभ, मोह र अन्य दोषहरूलाई धुजा धुजा बनाएर धर्ममय-अमृतधारा बहाउँदै तपाईं जगत्मा रहनु भयो । तपाईंद्वारा नै वेदविद्याले जगत्मा प्रतिष्ठा पायो र त्यसकै माध्यमबाट तपाईंले धर्महरूको संवर्द्धन गर्नु भयो ।

॥ २० ॥

परिष्कृतरूप–

[अदृष्टवद्] दुष्प्रतिपादमेतत् स्वर्गादि शब्दोपनिबन्धमा (त्रम्) ।

[मिथ्येदम]- स्तीति जनोऽग्रहीष्यद् भवानिहैवं यदि न व्यनेक्षत् ॥

अनुवाद– अदृष्टको परिकल्पना गरे जस्तै "स्वर्ग" आदि पुण्यलोक पनि परिकल्पित र शब्दरूप मात्र हुन् । अतः स्वर्ग आदि लोकको प्राप्तिको लालचमा परी गरिने यागादि

(१२ पूर्वसंशोधनमा "थैवा" रहेको छ ।

(१३) मूलपाठमा "माहान्" रहेको छ ।

पनि व्यर्थ छन् भन्ने कुरा सर्वसाधारण मानिसहरूले बुझ्ने थिए, तर त्यसो हुन पाएन किनकि तपाईंले मौकामा सबैको आँखा खुलाइदिनु भयो ।

॥ २१ ॥

(निराकृ) ता कुमतिभिरंहसावृतैः कुतार्किकैः कथमपि सौगतादिभिः ।
(त्रयी) त्वयि प्रथितगिरि प्रभावियै पयोनिधौ सरिदिव विन्दति स्थितिम् ॥

अनुवाद– दुर्मति, अभिमानी र वितण्डावादी सौगत, जैन र चार्वाकहरूद्वारा पूर्वाग्रहपूर्वक खण्डन गरिएको वेदविद्या, तपाईंजस्ता विद्याका स्वामीको वलिष्ठ आधार पाएर सरिता सागरको आधार पाई प्रतिष्ठित भए झैं जगमा प्रतिष्ठित भयो ।

॥ २२ ॥

[श्रुतिस्मृत्यर्थत्वा] द् विनियतपदार्थाद्यनुगमात् ।
तव श्रुत्वा काव्यं सपदि मनसा गम्यपद [कम्] ॥
[अथापृष्टा] र्थत्वादवनपरमार्थानुसरणे ।
दधात्युच्चै र्मोहं सपदि गतविद्येष्वनिभृतम् ॥

अनुवाद– तपाईंले बनाउनु भएको महाभारत "काव्य" शास्त्रीयसरणिबाट निश्चितार्थव्यञ्जक पदहरूले निष्पन्न भएको हुँदा गूढार्थबोधक बनेर रहेको छ । त्यस काव्यलाई सहसा सुनेर विशेषार्थप्रतीति असंभव भएकाले आत्मज्ञान गराउने परमार्थमार्गमा जाने सन्दर्भमा विद्याविहीन व्यक्तिहरू मोहमा पर्दछन् । (समस्त बाङ्मयको सारसंग्रह बनेको महाभारत ग्रन्थ सरल भएर पनि ग्रन्थिले जेलिएको छ)

॥ २३ ॥

परिष्कृतरूप–
[यथा धर्म्मं] शास्त्रे मनुयमबृहस्पत्युशनसाम् ।
विधानं कृत्यानामसुगमपदं लोक (निभृतम्) ॥
[परं काव्ये] नैवं प्रतिविषयमाधूय निपुणम् ।
फलेनैवाशेषन्त्वमिदमम [लं तत् कथयसि] ॥

अनुवाद– मनु, यम, बृहस्पति र शुक्रद्वारा बनाइएका धर्मशास्त्रहरूमा सर्वसाधारणका लागि सुगमपदहरूबाट कर्त्तव्य विधान गरिएको छैन । तर तपाईंले यस महाभारत महाकाव्यमा प्रत्येक विषयलाई राम्ररी केलाएर प्रत्येक कर्मको परिणामलाई सुन्दर र मङ्गलमय शैलीबाट प्रस्तुत गरी निर्मल सत्यलाई प्रकाशित गरिदिनु भएको छ ।

॥ २४ ॥

परिष्कृतरूप–
[अस्तीदं] नृपचरितानुवादिभावात्,
पादादेः प्रतिनियतं स्वतश्च काव्यम् ।
[धर्मादेः] रनुकथनादपीह शास्त्रम्,
त्वं शक्तेरिदमपि भारताधकार्षी (:) ॥

अनुवाद– आदर्शको संप्रेषण गर्ने [उद्देश्यले धीरोदात्त, धीरप्रशान्त आदि राजाहरूका अनुकरणीय चरित्रहरूको उपस्थापन गर्नाले र छन्द अलङ्कार एवं रस आदिले संपन्न तपाईंको महान् रचना महाभारत स्वाभाविक रूपमा नै काव्यकोटिमा पर्न आउँछ । धर्म, अर्थ, काम र मोक्षको विभिन्न शैलीबाट विवेचन गर्नाले त्यही महाभारत फेरि धर्मशास्त्रको कोटिमा पर्न आउँछ । काव्य र शास्त्रका लक्षणले महिमामय बन्न पुगेको त्यस महाभारतको संरचना तपाईंले आफ्नै संस्कारानुबन्धी साधनापूत प्रतिभाद्वारा गर्नुभएको हो ।

॥ २५ ॥

परिष्कृतरूप–
[घोरेऽस्मिन्] भवजलधौ विवर्तमानान्,
रागादिप्रपतधियः प्रगाढमोहान् ।
[ऊर्ध्वां] स्यांस्त्वमिति विधाय मुक्तिमार्गे,
साचीनां भुवि पुरुषाङ्करोषि मन्त्रैः[14] ॥

अनुवाद– डरलाग्दो संसारसागरमा जन्म र मृत्युको चक्रमा परेका, राग, तृष्णा र लोभ प्रभृतिद्वारा बुद्धिलाई धमिलो गराएका, गहिरो र गाढा अन्धकारमा रूमल्लिएका र पशुको झैं तेर्सो दृष्टि भएका पुरुषहरूलाई तपाईंले आफ्ना महाभारत आदि मन्त्रमय रचनाहरूद्वारा ऊर्ध्वदृष्टिसंपन्न बनाएर मुक्तिमार्गमा लगाउनु भएको छ ।

(१४) मूलपाठमा "मन्त्रे" रहेको छ ।

॥ २६ ॥

सु (खि) ना विविक्तवचसा त्वया सता,
कृपया परार्थविनिवेशिबुद्धिना ।
ज (ग) तो हिताय सुकृतेह भारते,
भुवि वाङ्मयं सकलमेव दर्शितम् ॥

अनुवाद– आत्मामा रमाउने, ऋत मित र हित वचनको उच्चारण गर्ने, कृपालु, सज्जन र परोपकारमा आपनो बुद्धिवैभवको उपयोग गर्ने तपाईले जगत्कै परम कल्याणका लागि रचिएको महाभारत काव्यमा पृथ्वीमा रहेका सम्पूर्ण वाङ्मयको सारसर्वस्व राखी दिनु भएको छ ।

॥ २७ ॥

परिष्कृतरूप–

विदितविविधधर्मो वेदिता वाङ्मयानाम् ।
निरवधिकममिथ्याशान्तरागादिदोषम् ॥
[कलित] स्वपदार्थस्तद् भवान् मोहजालम् ।
तिमिरमिव विवस्वानंशुभिः प्रक्षीणोति ॥

अनुवाद– अनेक धर्मका रहस्यहरूलाई जान्ने, वाङ्मयहरूको मर्मलाई बुझ्ने र बुझाउन सक्ने तथा शब्दब्रह्मलाई आत्मसात् गर्नुभएका तपाईले निरन्तर असत्यको उपासना गर्नाले जुन संसारको राग आदि दोष शान्त भएका छैनन् त्यस संसारको रागजन्य मोहजाललाई, सूर्यले आफ्ना प्रचण्ड किरणहरूबाट अन्धकारलाई नाशी दिए झैं, नाशी दिनु भएको छ ।

॥ २८ ॥

प्रतिविषयनियोगात् पालकत्वाच्च तासाम् ।
निपुणतदवबोधात् तद्विवेकाददोषात् ॥
जगति तदुपदेशात् त्वम्मिथस्तद्विभागात् ।
उपहित इव मूर्तिस्त्वात्मना मन्त्रवाचाम् ॥

अनुवाद– वेदका वाक्यहरूलाई विधिवाक्य आदिका नियम अनुसार भिन्दाभिन्दै कर्महरूमा प्रयोग गर्ने विधान गर्नाले, विहित विधान अनुसार वेदको प्रयोग गरी स्वयं श्रुतिको संरक्षण गर्नाले, संरक्षित श्रुतिका मन्त्रहरूको अर्थलाई राम्ररी हृदयङ्गम गर्नाले, मन्त्रहरूमा प्रतिवादित विषयको विवेचन गर्नाले, विवेचनजन्य यथार्थबोधका कारणबाट हृदयमा निर्दुष्ट ज्ञानको आकलन गर्नाले, निर्दुष्ट ज्ञानको आकलन गरेपछि संसारको कल्याणका लागि त्यस ज्ञानलाई विभिन्न माध्यमबाट उपदेशका रूपमा व्यक्त गर्नाले र मानिसहरूको क्षमताको ह्रास हुँदै गएको कुरालाई बुझेर एउटै वेदलाई ४ भागमा विभाजित गर्नाले तपाईं ऋग्, यजु र सामरूपमा परिणत मन्त्रविद्याको साकार मूर्ति बन्नु भएको छ ।

॥ २९ ॥

सौक्ष्म्याद् दुर्बोधमीश स्थितमपि सकलं लोकमावृत्य तन्वा ।
वाग्बुद्ध्योरप्यतीता (कृति) मपि मुनिभिः स्वागमाद् ध्याततत्त्वम् ॥
विद्यारूपं विशुद्धेः पदमनतिशयं क्षीणसंसारबन्धम् ।
स्यादात्मानं न जातु त्वमिव कथयिता कश्चिदन्यो द्वितीयः ॥

अनुवाद– ज्यादै सूक्ष्म भएकाले सजिलै जान्न नसकिने, आफ्नो मायिकस्वरूपबाट सकल संसारलाई ढाकेर रहेको, वाणी र बुद्धिबाट पार पाउन नसकिने भए तापनि मननशील मुनिहरूद्वारा आ–आफ्नो शाखा अनुसारका कर्म, उपासना र ज्ञानका प्रतिपादक मन्त्रहरूको माध्यमबाट जसलाई अनुभवको विषय बनाइन्छ, विद्यामय, विशुद्धिको अद्वितीय पृष्ठभूमि, सांसारिक बन्धनबाट मुक्त एवं जसको उपासना गर्नाले सांसारिकहरूको संसारबीज क्षीण हुन्छ त्यस सर्वोत्तम आत्मतत्त्वको उपदेष्टा तपाईं बाहेक दोस्रो पुरुष यस संसारमा कुनै पनि छैन ।

॥ ३० ॥

प्रत्याधारस्थितत्वात् पृथगपि न पृथक् तत्स्वरूपाविशेषात् ।
नित्यं धर्मैरयोगात् पुनरपि न तथा सर्वकालाप्रतीतेः ॥
नाशोत्पादाधयोगात् स्थितमपि जगतः सर्वगं व्यापिभावात् ।
चैतन्यं रूपपक्षास्थितमपि कथयेत् को नु लोके त्वदन्यः ॥

अनुवाद– जुन आत्मतत्त्व प्रत्येक पदार्थको अधिष्ठानरूप भएकाले संसारभन्दा बेग्लै भएर पनि संसारदेखि बेग्लिएको छैन, जो आफ्नो खास स्वरूप नभएकाले धर्म, ज्ञान र ऐश्वर्य आदिसंग लिप्त भएको छैन र निर्लिप्त भएकै कारणबाट जसको प्रतीति सबै कालमा हुँदैन ।

प्रतीति नहुनाले नै जसको उत्पत्ति र लयको प्रसङ्ग नै रहँदैन । जो शाश्वत र अविचल छ । अविचल भए तापनि जहाँसुकै रहेको कारणबाट सर्वव्यापक छ । सबैको अधिष्ठानस्वरूप भएकाले स्वरूपगत प्रतीति भए तापनि जो वस्तुतः चित्स्वरूप छ । त्यस आत्मतत्त्वको विवेचन गर्न तपाईंभन्दा अर्को कुन पुरुष समर्थ हुन सक्छ र ?

॥ ३१ ॥

निरहंसं दुरितभिदं विवेकिनं तमोमुषं शमितभवं विपश्चितम् ।
गिरांपतिं सुधियमसङ्गचेतसं मयोदितं वचनमुपैतु ते सदा ॥

अनुवाद– निरभिमान, निष्पाप, विवेकी, अन्धकारनाशक, जन्ममृत्युका कारणका विनाशक, विद्वान्, बुद्धिमान् सरस्वतीका केन्द्रबिन्दु र सांसारिक बन्धनदेखि माथि उठेका परमज्ञानी तपाईं समक्ष मेरो यो स्तुतिवचन सदा पुगोस् ।

॥ ३२ ॥

शमितभवभयेन क्षायिणाऽज्ञानराशेः ।
स्वयमुपहितधाम्ना वेद्यपारङ्गतेन ॥
जगदपरजसेदन् तत्त्वया सर्वभारात् ।
वियदिव तिमिराणां क्षायकेणावभाति ॥

अनुवाद– सांसारिक जनहरूको जन्ममृत्यु आदिमा पटकौं पटक जेलिनु पर्ने त्रासलाई निराकरण गरिदिनु हुने, अज्ञानको थुप्रोलाई सखाप पारिदिने, स्वप्रकाश र स्वमहिमा मण्डित भएर रहनु भएका, ज्ञाता, ज्ञेय र ज्ञानको त्रिपुटीदेखि पर रहनुभएका र निष्पाप काञ्चनमूर्ति तपाईं यस संसारमा जन्मिनु भएकाले पापमुक्त बनेको यो जगत् अन्धकारनाशक र अमृतवर्षी चन्द्रमा उदाउँदा व्योममण्डल सुहाए झैं सुहाएको छ ।

॥ ३३ ॥

गुणपुरुषविवेकज्ञानसंभिन्नजन्मा ।
व्यतियुतविषयाणां त्वं गिरां संविवेकी ॥
जगतिधनविरुढव्यापिसम्मोहभेदी ।
च्युतजगदनिरोधः खे शशीव चकास्सि ॥

अनुवाद– गुणमय प्रकृति र निर्गुण पुरुषको विवेकद्वारा प्राप्त भएको कैवल्यज्ञानले संसारमा फेरि जन्मन नपर्ने अवस्थामा प्राप्त हुनु भएका तपाईं निर्विषय ब्रह्मविद्याका रहस्यलाई केलाउन सक्ने ब्रह्मज्ञ पुरुष हुनुहुन्छ । मानिसहरूका हृदयमा जन्म जन्मान्तरका वासनाबाट बद्धमूल र व्यापक विषयानुरागलाई भेदन गर्ने र प्रतिपल परिवर्तनशील जगतका असंयत विषयव्यापारबाट प्रभावित नहुने तपाईं निरभ्र गगनमा चन्द्रमा झैं दीप्त हुनु भएको छ ।

॥ ३४ ॥

तदहमितिनुनूषद् भिन्नसंसारबन्धम् ।
वितमसमरजस्कं त्वाङ्गरीयांसमाद्यम् ॥
कथमपि परलह्मीं स्वात्मिवहनामि वाचम् ।
तदिह पितरि मे त्वं सम्पदः संविधत्स्व ॥

अनुवाद– संसारको बलियो मोहपाशलाई चुडाल्नु भएका तमोगुण र रजोगुणबाट मुक्त महापुरुष र ब्रह्मज्ञानका दृष्टिले आदिपुरुष तपाईं कृष्णद्वैपायन भगवान्को स्तुति गर्न चाहने म अनुपरमगुप्तले मेरो अल्प र सारहीन वाणीलाई कनिकुथी गरेर छन्दका बन्धनमा ढालेको छु । भगवन् ! यसबाट मेरो व्यक्तिगत कुनै स्वार्थसिद्धिको अपेक्षा गरेको छैन तर मेरा स्वर्गवासी पिताश्रीको परमकल्याणका लागि भने सविनय मेरो निवेदन रहेको छ ।

अन्तिमवाक्य–

–भगवतो द्वैपायनस्य स्तोत्रङ्ग कृतमनुपरमेण–

अनुवाद– भगवान् द्वैपायन (वेदव्यास) को स्तोत्र अनुपरमद्वारा रचिएको हो ।

– ० –

योगिनी–एक दृष्टि

—जीतबहादुर मानन्धर

काठमाडौं उपत्यकाका मानिसहरूमा ४ गणेश, ४ नारायण, ४ लोकेश्वर (मत्स्येन्द्रनाथ), ४ बौद्धस्थल आदि दर्शन गर्न जाने चलन छ । त्यस्तै यहाँ खड्ग योगिनी, वज्रयोगिनी, विजयेश्वरी (विद्याधरी देवी) र वज्रवाराही वा गुह्येश्वरीलाई ४ योगिनीको रूपमा मान्ने समेत गरिन्छ । तर अहिले ती ४ योगिनीको चर्चा नगरी फलित ज्योतिषसंग सम्बन्धित, योगिनीबारेमा केही चर्चा, परिचर्चाअघि सार्ने प्रयास गरिन्छ । मेरो विचारमा काठमाडौं उपत्यकावासीहरूबीच विंशोत्तरी (१२० वर्ष), अष्टोत्तरी (१०८ वर्ष) र त्रिभागी (८० वर्ष) सूर्यादि ग्रहहरूको दशा फलभन्दा ३६ वर्षे योगिनी दशाको आधारमा शुभाशुभ विचार गर्ने, गराउने प्रथा बढी चल्ती छ जस्तो लाग्छ । हुन पनि, हिमालय आसपासमा रहेको आर्यवर्तका भूभागहरूमा जन्मेकाहरूको लागि योगिनी दशाको फल मेल खाने र त्यसमाथि शुक्लपक्षको दिनमा तथा कृष्ण पक्षको रातमा जन्मेकाको लागि त अझ बढी मिल्ने भन्ने चर्चा प्रसंगवश मैले सुनेको छु[1] ।

ज्योतिषशास्त्रमा उल्लेख भए अनुसार, मङ्गला, पिङ्गला, धान्या, भ्रामरी, भद्रिका, उल्का, सिद्धा र संकटा गरी ८ योगिनी छन् । यी योगिनीहरूको दशा फलको क्रमशः १, २, ३, ४, ५, ६, ७ र ८ वर्षका हुन्छन् र अवधि यिनीहरूमध्ये मङ्गला, धान्या, भद्रिका र सिद्धालाई शुभ फल दिने तथा बाँकीलाई नराम्रामा लिइएका छन् । मूल दशाले मानिसको जीवनमा ठूलो भूमिका निर्वाह गरेको हुन्छ तापनि सम्पूर्ण अवधिभर राम्रो दशाको फल राम्रो हुने र नराम्रो दशाको फल नराम्रै हुनु पर्ने भन्ने छैन । कारण, अन्तरमा आउने दशाले पनि फल प्रदान गर्नमा प्रभाव पारेकै हुन्छ । उदाहरणार्थ– मङ्गलामा मङ्गलान्तर राम्रो त मङ्गलामा पिङ्गलान्तर नराम्रो, त्यस्तै पिङ्गलामा पिङ्गलान्तर नराम्रो त पिङ्गलामा धान्यान्तरलाई राम्रोको रूपमा साधारणतः लिने गरिन्छ । आर्द्रा नक्षत्रमा जन्मेका मानिसको शुरू दशा मङ्गला, पुनर्वसुमा जन्मेकाको पिङ्गला, तिष्यमा जन्मेकाको धान्या र एवं-रीतले कुन नक्षत्रमा जन्मेकाको कुन योगिनी दशा भन्ने पत्ता लगाउन सकिन्छ । मानिस जन्मेको नक्षत्रको क्रमसंख्या (आश्विनी १, भरणी २, कृत्तिका ३ आदि) कति छ त्यसमा ३ अङ्क जोडी ८ ले भाग गर्दा १ शेष आयो भने जीवनको शुरूमा योगिनी दशा मङ्गला, २ शेषमा पिङ्गला, ३ शेषमा धान्या, ४ शेषमा भ्रामरी, ५ शेषमा भद्रिका, ६ शेषमा उल्का, ७ शेषमा सिद्धा र निशेषमा संकटा हुने मानिएको छ । यीनै दशाहरूको चक्र ३६ वर्षपछि पुनः घुमी पहिले झैं दोहरिन थाल्छ ।

मङ्गला, पिङ्गला, धान्या, भ्रामरी, भद्रिका,

---

१. ज्योतिषाचार्य दामोदरनाथ लोहनीसंग भएको छलफलको आधारमा ।

उल्का, सिद्धा र संकटा क्रमशः चन्द्र, सूर्य, वृहस्पति, मङ्गल, बुध, शनि, शुक्र र राहु तथा केतु ग्रहसंग सम्बन्धित मानिन्छन् अर्थात् यी योगिनीहरूलाई ग्रहहरूका शक्तिका रूपमा लिइएका छन् । मङ्गलामा मङ्गलान्तर १० दिन, मङ्गलामा पिङ्गलान्तर २० दिन, पिङ्गलामा पिङ्गलान्तर ४० दिन, पिङ्गलामा धान्यान्तर ६० दिन, धान्यामा धान्यान्तर ९० दिन, धान्यामा भ्रामरी अन्तर १२० दिन, भ्रामरीमा भ्रामरीअन्तर १६० दिन, भ्रामरीमा भद्रिकान्तर २०० दिन, भद्रिकामा भद्रिकान्तर २५० दिन, भद्रिकामा उल्कान्तर ३०० दिन, उल्कामा उल्कान्तर ३६० दिन, उल्कामा सिद्धान्तर ४२० दिन, सिद्धामा सिद्धान्तर ४९० दिन, सिद्धामा संकटान्तर ५६० दिन, संकटामा संकटान्तर ६४० दिन, संकटामा मङ्गलान्तर ८० दिन हुन्छन् त एवंप्रकारले सबै अर्थात् ६४ वटै अन्तर दशाको दिन गणना समेत सजिलैसित निकाल्न सकिन्छ ।

ज्योतिषशास्त्रका विद्यार्थी नभएको हुँदा योगिनी सम्बन्धमा अरू बढता नलेखुँ जस्तो लाग्छ । ज्योतिष सम्बन्धी पुस्तकहरू पल्टाएको भए यी योगिनीहरूको विषयमा थप जानकारी मिल्ने थियो होला जुन अहिलेलाई हुन सकेन नै भन्नु पर्‍यो । तर एक जना पूजारीले[२] चिन्हाउनु भएका मूर्तिहरूको सम्बन्धमा भने मलाई कसो, कसो यहाँ परिचय दिन मन लागिरहेको छ । हुन त वहाँले कुनै शिलापत्र, कागजपत्र आदिको प्रमाण सहित मलाई जानकारी दिनु भएको होइन तर म पनि त सुनेकै भरमा समेत कलम चलाउन पछि नपर्ने र फलस्वरूप आफ्ना कृतिहरूमा अज्ञानतावश केही गलत विवरणहरू समावेश गर्ने मानिस नै हुँ ।

केही माहीना पहिलेको घटना हो । एकाबिहानै घरबाट स्वयम्भूतर्फ जाँदा हनुमान्ढोका र काष्ठमण्डपको करीब बीचमा पर्ने र दक्षिणतिर फर्केको शिव-पार्वती मन्दिरको तल्लो तल्लाको द्वार खोलिएको अवस्थामा परैबाट भित्रपट्टि मूर्ति जस्तो देखेको हुँदा कौतूहलतावश त्यहाँ गएँ । त्यस बेला त्यहाँ उपस्थित पूजारीले पश्चिमदेखि पूर्वतर्फ स्थापना गरिराखेका देवीहरूलाई एक एक गरी क्रमागत रूपमा मङ्गला, पिङ्गला, धान्या, भ्रामरी, भद्रिका, उल्का, सिद्धा, संकटा र विकटा भनी परिचय दिनु भएको थियो । यस विषयमा केही तथ्य भेटिएला कि भन्ने आशामा पढ्दै जाँदा एक पुस्तकमा[४] मन्दिरभित्र भूई तल्लामा नवयोगिनीका मूर्ति स्थापना गरिएका छन् भन्ने उल्लेख भएको पाइयो । फेरि 'त्रिरत्न सौन्दर्य गाथा'[५] पुस्तकमा पनि यस मन्दिर सम्बन्धमा 'जौना श्री ५ सिंह प्रताप माहाराजका आत्मज श्री रणवहादुरबाट हुकुम पाएर श्री ५ पृथ्वीनारायणका द्वितीय आत्मज श्री बाहादुर शाहले अर्द्धनारीश्वर मूर्ति झ्यालमा राखेर श्री खण्डकाष्ठले विचित्र ऐटले शोभायमान भयाका अष्टमातृका सहितका नवग्रहका पीठकन ठूला घण्टा समेत पीठ बनाउँदा भया' भनी चर्चा भैराखेको देखिन्छ ।

बराबर दर्शनार्थ गई अवलोकन गर्दा उक्त मन्दिरमा रहेका मूर्तिहरू अष्टमातृकाका रूपमा बहुचर्चित ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, ऐन्द्री, चामुण्डा र महालक्ष्मीसित मिल्ने खालका देखिएनन् । बरू प्रस्तर निर्मित तथा करीब ४६ से. मी. अग्ला यो ९ वटा मूर्तिहरू पूजारीका कथानुसार नवग्रह- चन्द्र, सूर्य, वृहस्पति, मङ्गल, बुध, शनि, शुक्र, राहु र केतुका शक्तिका रूपमा लिइने मङ्गला, पिङ्गला, धान्या,

---

२. काठमाडौं न्हैकन्तला निवासी पं. चक्रपति राजोपाध्याय ।

३. पूर्ववत् ।

४. गौतमवज्र बज्राचार्य- "हनुमान्ढोका राजदरबार"; नेपाल एशियाली अध्ययन संस्थान, त्रि. वि., काठमाडौं; वि. सं २०३३ ज्येष्ठ; पृष्ठ ५६ ।

५. सं. धनवज्र बज्राचार्य- "पण्डित सुन्दरानन्द विरचित त्रिरत्न सौन्दर्यगाथा", नेपाल सांस्कृतिक परिषद, काठमाडौं, वि. सं., २०१९ पौष २७ गते, पृष्ठ १४६-१४७ ।

भ्रामरी, भद्रिका, उल्का, सिद्धा, संकटा र विकटा हुनुमा धेरै संभावना भएको जस्तो लाग्यो। कारण, योगिनी दशा अन्तर्गत राहुको प्रभाव अवधि ८ वर्ष भएकोमा अघिल्लो ४ वर्ष संकटा र पछिल्लो ४ वर्ष विकटालाई पर्ने गरी भागबण्डा गर्ने चलन छ भन्ने पनि नसुनेको होइन[६]।

नवग्रहका शक्तिस्वरूपा नवयोगिनीहरूले दिने दशा फल अलग-अलग भएपछि त यिनीहरूका मूर्तिहरू पनि एक अर्कासंग नमिली फरक-फरक हुनु पर्ने जस्तो लाग्छ। तर यहाँ रहेका योगिनीहरूमध्ये मङ्गला, पिङ्गला, भ्रामरी र भद्रिकाका मूर्तिहरूका ध्यान मुद्राहरू एकै छन्। साथै धान्या र सिद्धाका ध्यान मुद्रा पनि एक आपसमा मिलेका पाइन्छन्। उल्काको चाहिं छुट्टै प्रकारको मूर्ति छ भने सिंह, आरूढ, संकटा र विकटाका आयुधहरू मिली समान देखिएका छन्। अतः यहाँनेर आएर के निर्क्यौल निकाल्न सकिन्छ भने मूर्ति शास्त्रको दृष्टिबाट हेर्दा हनुमान्ढोका राजप्रासादको क्षेत्रमा रहेको शिवपार्वती मन्दिरका नवयोगिनीहरूलाई जम्मा ४ समूहमा मात्र विभेद गर्न मिल्ने देखिन्छ।

सरसर्ती हेर्दा मङ्गला समूहका स्थानक अवस्थाका चारै देवीहरूका २।२ वटा मात्र बाहु भएकोमा बायाँ हातमा वाण सहितका धनु र दायाँ हातमा फूलका गुच्छा देखिन्छन्। ललितासनमा रहेका धान्या र सिद्धाका ४।४ बाहुमध्ये दायाँ माथिल्लो हातले जपमाला लिएका र तल्लो हात अभय मुद्रामा छन् भने बायाँ माथिल्लो र तल्लो हातले क्रमशः कलश र पुस्तक धारण गरेका पाइन्छन्। आसन अवस्थामै रहेका ६ भुजायुक्त तथा गरुड वाहन भएका योगिनी उल्काले दायाँ माथिल्लो, बीचको र तल्लो तथा बायाँ माथिल्लो, बीचको र तल्लो हातमा क्रमागत रूपमा गदा, चक्र, सानो खड्ग, पद्म, शंख र ढाललाई आयुधहरूको रूपमा लिएको देखिंदा देवी वैष्णवीको स्मरण भएर आउँछ। वाम पादले सिंहमाथि टेकेर उभिएका तथा कलाकारद्वारा करीब-करीब मिल्ने गरी निर्माण गरिएका संकटा र विकटाका ध्यान मुद्राहरूमा रहेका १०।१० वटा बाहु विविध आयुधहरू-द्वारा सुसज्जित छन्।

६. ज्योतिषाचार्य दामोदरनाथ लोहनीको भनाइ।



मङ्गला



धान्या



उल्का

संकटा

भादगाउँ पाठशाला

-शिव रेग्मी

नेपालमा स्कूल पाठशाला खोली आधुनिक शिक्षाको ज्योति फिजाउने कार्यको थालनी श्री ५ पृथ्वी वीर विक्रम शाहको राज्य शासनकाल एवं प्रधानमन्त्री वीर शम्शेर जङ्गबहादुर राणाको प्रधानमन्त्रित्वकालमा भएको हो। १९५७ चैत्र १५ गते उपत्यकाभित्र त्यतिखेर खुलेका १६ वटा विभिन्न पाठशालाहरूमा १६ जना शिक्षक भर्ना भएका देखिन्छन्। यिनै १६ वटा भाषा पाठशालामध्ये 'भादगाउँ पाठशाला' पनि एक हो जसमा पाटनका पण्डित धर्मदत्त खनाल वार्षिक २४०।– रुपैयाँको तलबमा भर्ना भएका थिए। त्यसपछि १९५८ साल जेठ ५ गतेको सनदले भादगाउँ पाठशालामा वार्षिक १२०।– रुपैयाँ खाने पण्डित पद एकमा श्रीधर फुयाल सिह्रामुगलको नियुक्त भएको देखिन्छ। यसैगरी फेरि १९५८ साल असोज १२ गतेको सनदले भादगाउँमा २४०।– रुपैयाँ वार्षिक तलब खाने एक शिक्षकको दरबन्दी सहितको अर्को एक पाठशाला थप भएको छ। यसरी हेर्दा १९५७।५८ सालको बीचमा भादगाउँमा दुइटा पाठशाला खुलेको जस्तो देखिन्छ, तर वास्तवमा यो दुइटा पाठशाला खुलेको नभै एउटै पाठशालामा शिक्षकको दरबन्दी मात्र थप भएको हो कि भन्ने अनुमान गर्न सकिन्छ। यसको प्रमाणको रूपमा विक्रम संवत् १९६९ सालमा भादगाउँ पाठशालामा पण्डित धर्मदत्त आचार्य (इतिहास शिरोमणि बाबुराम आचार्यका पिता), पण्डित तारानाथ न्यौपाने र पण्डित शिवदत्त लामिछाने शिक्षकका रूपमा वहाल रहेका देखिन्छन्। यसैगरी १९७७ साल फागुन महीनामा भादगाउँ पाठशालाका शिक्षक दरबन्दीमा ५ जवान शिक्षक पण्डितहरू पुगेका देखिन्छन्, जसमध्ये खिलनाथ, प्रेमसागर दवाडी, लक्ष्मीप्रसाद, वैजनाथ न्यौपाने र धर्मनन्दहरू बहाल रहेका देखिन्छन् भने टहलुवा पदमा तुलसीदास। उपर्युक्त नामहरूको जानकारी शिक्षक पण्डित मध्ये एक वैजनाथ न्यौपाने (१९२४–२००३) को संकलनमा रहेको त्यतिखेरको अर्थात् १९७७ साल फागुन महीनाको हाजिरी कापीको नक्कलबाट प्राप्त भएका हुन्। नेपालमा त्यतिबेला एक शिक्षकले केही विद्यार्थीहरूका समूहलाई शिक्षा दिने प्रचलन भएको बुझिन्छ। त्यसैले कुनै खास शिक्षकको जिम्मामा केही विद्यार्थीहरू आफ्ना पाठ पढ्ने गर्दथे। १९७८ साल मंसीर महीनामा पण्डित वैजनाथ न्यौपाने तर्फका विद्यार्थीहरूमा (फेला परेको हाजिरी कापीको नक्कलमा) गङ्गाप्रसाद ढकाल, सूर्यमान धोंजु, दसकुमार श्रेष्ठ, लालबहादुर कर्माचार्य, रामभक्त श्रेष्ठ, जुजुभाई गोयंजु, गोविन्दलाल श्रेष्ठ, इन्द्रलाल श्रेष्ठ, बैकुण्ठरत्न, इन्द्रबहादुर र शुकदेव जोशीको

नाम उल्लेख भएको देखिन्छ ।

यही भादगाउँ पाठशालाको पण्डित (सम्भवतः बैजनाथ न्यौपाने) लाई १९५८ साल भाद्र वदि १२ रोज ३ मा नेपाल पाठशालाबाट एउटा आदेश पठाएको देखिन्छ । नेपाल पाठशाला भन्नाले त्यतिबेला भाषा पाठशालालाई नियन्त्रण र निर्देशन दिने एउटा छुट्टै निकाय थियो कि भन्ने अड्कल काट्न सकिन्छ– आजको केन्द्रीय स्तरको विभाग जस्तो । अथवा यस्तो पनि हुन सक्छ, यो नेपाल पाठशालाले काठमाडौं उपत्यकाभित्र खुलेका यस्ता भाषा पाठशालालाई नियन्त्रण र निर्देशन दिने गर्दथ्यो । उक्त आदेशमा ९ वटा बूँदामा विभिन्न आदेश र निर्देशनहरू दिएका देखिन्छन् जसबाट त्यति-बेलाको शिक्षा प्रशासनसम्बन्धी केही जानकारी लिन सकिन्छ ।

पाठशालाका सामान हराउन वा नोक्सान हुनबाट बचाउनदेखि लिएर त्यतिबेला पाठशालाले पाउने वार्षिक सार्वजनिक विदा समेत त्यस आदेश पत्रमा किटेर लेखि-एको छ । प्रस्तुत आदेश पत्र पनि निज वैद्यनाथ न्यौपाने-को सङ्कलनबाट प्राप्त भएको हो । उक्त आदेश पत्र अध्ययन गर्दा त्यतिखेर दिने गरेको सार्वजनिक र सहुलियत विदा हाल श्री ५ को सरकारले दिने गरेका विदाहरूमा पनि केही सामञ्जस्यता देखिन्छ । हाल दिइने गरेका विदाहरू त्यही बेलादेखिकै आडमा मौलाएर आएका रहेछन् भन्न सकिन्छ । तर आज तुलनात्मक दृष्टिले हेर्दा भने त्यतिबेलाका विदाहरू बढी व्यावहारिक र उपयोगी सिद्ध अनुभव हुन्छन् । उक्त आदेशमा उल्लेख भएका छुट्टीका दिनहरू:–

श्री ५ को जन्मोत्सव दिन– १
श्री ३ को जन्मोत्सव दिन– १
पण्डित र विद्यार्थीको जन्मोत्सव दिन– १
इन्द्रजात्रामा अंग्रेज आउना दिनको सट्टा विस्केट दिन– १
ऐ मा गादीमा राज हुन्या दिन– १
घटस्थापना दिन– १
फुलपातीदेखि पूर्णिमासम्म दिन– ९
यमपञ्चक दिन– ५
घरमा नुवारन पाश्नी गर्दा दिन– १
दरबारको फागुको दिन– १
सरस्वती पूजा दिन– १
गाइजात्रा दिन– १
कृष्णाष्टमी दिन– १
शिवरात्री, श्रीपञ्चमी, रामनवमी, चैत्र अष्टमी, साउने संक्रान्ती, माघे संक्रान्ती, वैशाख संक्रान्ती, हरिशयनी र हरिबोधनी एकादशी, जनै पूर्णे र गुरु पूजा समेत गरी जम्मा दिन– ११
एक भक्ति दिन– ।।
श्राद्धको दिन– १
१० दिन जूठो लाग्नेमा दिन– ३
जूठो गहुँत खाने दिन– १
आफूले क्रिया गर्नुपर्ने दिन– १५
चन्द्रग्रहण दिन– १
आफ्नु व्रतबन्ध र छोराको व्रतबन्धमा दिन– ४
आफ्नु विवाह दिन– ७
देवाली पूजामा दिन– १
छोरा छोरीको विवाहको दिन– ४
घोडेजात्रा दिन– ।।
औंसी र पूर्णे ।।
अष्टमी र परेवा दिन– १
इम्तिहान भएपछि पण्डित र लडकाहरूलाई विदा साढे एक महीना– १ ।।

पाठशालामा १० बजेदेखि बीचमा आधा घण्टा खाना खान छोडी ६ घण्टा पढाउनु पर्ने र विद्यार्थीहरू ठगेर पढ्न आएनन् भने ठहलुवा लगाएर घरमा पक्रन पठाई पाठशाला त्याई हप्काई दप्काई गरी थुन्नसक्ने अधिकार पण्डितहरूलाई आदेश पत्रमा दिएको देखिन्छ । यस्तै विद्यार्थीहरूलाई २।४ दिनसम्मको बिरामी विदा शिक्षकले दिनसक्ने अधिकार प्रदान गरिएको छ भने त्यो भन्दा बढ्ता विदा दिनु परेमा नेपाल पाठशालामा सोध्नु पर्ने र जवाफ आए बमोजिम गर्नुपर्ने व्यहोरा उल्लेख छ । पढ्ने पढाउने बखतमा बाहिरका कुनै मानिसले विद्यार्थीसंग कुराकानी गर्ने वा अल्मल्याउने गर्ने

नदिने, नटेरेमा निकाला गर्नु भन्ने आदेश समेत उक्त पत्रमा उल्लेख छ। विद्यार्थीहरूको पठनपाठनमा अनुशासन कायम राख्ने कुरामा प्रस्तुत आदेश पत्रमा यथेष्ट व्यवस्था भएको पाइन्छ भने शिक्षक पण्डितहरूमा पनि विद्यार्थीहरूप्रति पालन गर्नुपर्ने गहन जिम्मेवारीको उल्लेख भएको छ।

भादगाउँ पाठशाला शुरूमा कहाँ थियो भन्न सकिन्न तर १९७४।७५ सालतिर भने यो पाठशाला सुकुल ढोकामा रहेको थियो र पछि लायकुलीमा सरेको कुरा भक्तपुर निवासी एक वृद्धको सम्झनामा रहेको छ। भादगाउँ पाठशालाले त्यतिखेर ३ पासको पढाई सञ्चालन गरेको थियो भने पछि 'ओंठा छाप' विषय थपिएपछि १९७८ सालदेखि चार पाससम्मको पढाई सञ्चालन गरेको बुझिन्छ। भनिन्छ, त्यतिबेला नेपालमा चौध पाससम्मको पढाई हुने गरेको थियो।

परिशिष्ट

श्री ५ महाराजाधिराज श्री ३ महाराज

३ १

नेपाल पाठशालावाट

भादगाउका पाठशालाका पंडीत के —

पाठशालामा रोज राज झादु वडाउ साफ नमिक्त वर विछ्याउना लगाउन लगाई पाठशालामा जोपरी आयाको कामकाज टहलुवालाई गर्न लगाउनु— १

सो पाठशालामा रह्याका, पुस्तक कीताप भाडा वीछ्याउना माल मत्ता जो छ हराउन र नोक्सान हुन नपाउन्या गरी तिमीले र टहलुवाले हिफाजतसंग राषनु लाउनु लेषिया वमोजिम पाठशालामा रहेको माल मत्ता हरायो नोक्सान भयो भन्या सो नोक्सानी तिम्रा र टहलुवाका घर घरानावाट दामासाहीका हिसावले वुझाउनु पर्ला— २

पाठशालामा रोज १० वजे हाजिर भै ६ घंटा वीद्यार्थीलाई पढाउनु बीचमा आधा घंटा षाजा षाना नीमीत्त छोडी दिनु— ३

सो वीद्यार्थीको पैल्हा दोश्राको रोल मिलाई नाउघर लेषियाको फाराम कागजमा रोजरोज हाजिर काज वेरामी गैर जो छ जनाई लेषनु— ४

वीद्यार्थीहरूले ठग्यायीं गरी पढन आयनन् र गैर पन्यो भन्या टहलुवाले पक्रन पठाइ पाठशालामा ल्याई वुझी तिम्रा तजवीजले हपकाई हवकाई थुनी पाठ् नभायासम्म पाठ घोकन लगाई छोडी दिनु— ५

वीद्यार्थी वेरामी भयो भनी आमा वावु वारीसले भनि लेषि पठायो भन्या वुझी १ दीन सम्मलाई वेरामी जनाई दीनु १ दीन देषि बढ्ता म्याद दीनु पन्यो भन्या फेरी जाची २।४ दीनलाई म्याद दीनु सो म्यादमा पनि आउन नसकी धेरै दीनसम्म वेरामी हुने ठहर्‍यो भन्या नेपाल पाठशालामा साधा र जवाफ भया वमोजीम गर्नु— ६

वीद्यार्थीहरूका काम परी आयोमा १ घंटा देषि ३ घंटा सम्म र १ दीनसम्म तिम्रा तजवीजले बीदा दीनु हुन्छ ताहा देषि वढ्ता बीदा दीनालाई तपसिलमा लेषिया वमोजिमको बीदा दीनु तेस दीन देषी वढ्ता अरू काम परि आयो भन्या तीमीले ठहराई नेपाल पाठशालामा सोधनु र काम अनुसार बीदा पाउन्या छ— ७

जागीरदार पंडित वीद्यार्थी टहलुवालाई सर्कारीया उदि पुजि आयो भन्या पाठसाला गोश्वारा कीतापमा जनाउन लगाई उदि पुजि वमोजि गर्नु गराउनु— ८

पढ्न्या पढाउन्या वषतमा प्रण्डित वीद्यार्थीहरूसंग कोही मानीस गै कुरा काहानी गर्न र अलमल्याउन नदीनु गरे भन्या नीकाला गर्नु लगाउनु— ९

विदाछुट्टीका दीनको तपतिल —

.....

३ का जन्मोटसव दीन— १

.....

१ का जन्मोटसव दीन— १

पंडित र लडकाको आफना जन्मोटसव दीन— १

इन्द्र जात्रामा अंग्रेज आउन्या दीनको सट्टा वीस्क्यात— १

एँ मागादिमा राज हुन्या दिन— १

घटस्थापना दीन— १

फुलपाटी देषि पुर्णेसम्म दीन— ९

यम पंचक दीन— ५

घरमा नुवारान पाश्नि गर्दा दीन— १

दरवारको फागु दीन— १

सरश्वती पुजा दीन— १

गाइजात्रा दीन— १

कृष्णाष्टमी दीन– १
शिवरात्री १, श्री पंचमी १, रामनौमी १, चैत अष्टमी १, साउने संक्राती १, माधे संक्राती १, वैसाष लाग्ने संक्राती १, हरिसैनी १, हरीवोधनी १, जनै पुर्ण १, गुरूपुजा १ समेत ज्मा दीन– ११
यकमुक्त दीन– ।।
श्राद्धका दीन– १
१०. दीन जुठो लागनेमा दीन– ३
जुठोका गहुत गाने दीन– १
आफुले कीया गर्नु पर्नेमा दीन– १५
सुर्य ग्रहण दीन– १
चन्द्र ग्रहण दीन– ।।
आपनु व्रतवंध र छोराको व्रतवन्धमा दीन– १
आपनु विवाहका दीन– ७
देवाली पुजा दीन– १
छोराछोरीका विवाहका दीन ४
घोडेजात्रा दीन ।।
औसी र पुर्णे आधा आधा दीन–
अष्टमी परेवाका दीन– १
इम्टीहाम भयापछि पंडित लडकाहरूकै वीदा मैहा– १।।
इति सम्वत १९५८ साल मिति भाद्र वदी १२ रोज ३
शुभम्–

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(गतांकको बांकी)

चैत्र वदि १४ रोज ७

श्री प्राइमिनिष्टरबाट श्री बिर्मेडियेर जनरल षड्गवहादुर कुवर राणाजीलाई लेषि गयाको उप्रान्त चैत्र वदि १ रोज १ सम्म तयार भयाको षजाना असवाफर मध्रेसका रसद वालुंचुङ तरफ रवाना भयाको र हाम्रा सिमाना भित्रका चौडि भेडा गदाहा षचर घोडा जाचि ताग्रेदात गरिल्यायाको मुचुल्काको नकल स्मेत वालुंचुङमा आड षलंगा वन्याको नक्सा पठाई दिन्या काम वढिया गऱ्या छौ जंगि रसद पानि षरष जाना वहुतै वढिया गरि तयार ग ऱ्या छौ किल्ला पनि वहुत मजगुत गरि वनाया छौं जस्तो तिमीलाई मैले जनैंलि दियाथ्या उसमन्दा अर्घ्यालो कम्याण्डल इन चीफले गर्न्या काम तिमीले गऱ्या छौं तिम्रा जांगर मिहिनेत वुद्धिको वयान तारिफ गर्न म शक्तिन. जो हाम्रो औलाडले गर्नुपर्न्या हो सो तिमीले गऱ्यौ तिम्रा ज्मा मर्दि वर्गतको वयान अैल्है म गर्दिन जौन दिनमा ज्मा मर्दि गरौला उसदिन वयान गरुंला तिम्रो यो हिकमत देषदा ज्मा मर्दिमा कसर राषौंला भन्या मलाई संदेह छैन रसद वोकन्या जनावरहरू काम जुरिका कुरालाई येस दरले दिनु भन्या दस्षत गरि पठायाको छ ताहा तिमीले तजवीज गर्दा येस दरभन्दा कम रहेछ भन्या दुनियाको चित्त वुझाई घटाउन्या काम गर्नु मानेनन् भन्या ताहावाट गयाका दस्षत वमोजिस दी श्री ५ सर्कारका जंगि काम चलदा सवै मैल्हा र गुहार गरि मद्दत दिनु पर्छ भनि रैयत दुनियालाई त सल्लह गरि चलाउन्या काम गर्नु मैले टिगरिका किल्ला जव लिउला तिमीलाई ताहावाट कुच गर्नु भन्या जव लेषि आवला उहि हुकुमको सायेत गरि जली ताहावाट हिड्न्या काम गरौला पल्टन हिडाउदा काम लाउंदा तिम्रो कमान मर्जि नमान्यालाई ज्यान लिन सासना गर्नु तिम्रो षुसि छ येस्मा किन यसो गऱ्यौ भनि भन्या छैनौ सुवेदार षानगिका कुरालाई तिमीले दियाका सुवेदारि षानगि माघौ कार्की-लाई ठेकियाको छ तिमीले भर्ना गरिराष्याको सुवेदार-लाई श्री ५ सर्कारवाट दर्माहा मिलन्या छन्. ताहावाट फौज पठाउनालाई चाहिन्या नोल डोरि घोक्रा नाम लाषकन छाला जंगि असवाफ हालन्या भारि पाल-सिपाहिले जाडामा लाउन्या पोशाक जो चाहिन्या सवै कुराको तरतारकिति गरि राषनु. हुकुमको सायेतमा उठनलाई हर्षत नहुन्या गरि तयारि भैरहनु भोट तरफ-को चिवा चर्चा गर्न लगाई राषनु आफ्ना मुलुकको चिवा चर्चा गर्न भोट्याले नपाउन वालुंचुङका किल्लामा जान्या फागुनका १८ दिन जांदा तिम्रो र २७ दिन जांदा

तोपको सायेत ठहर्दा प्रस्थान गर्न्या काम वेस भयेछ श्री हिमालये धोज पल्टनलाई पनि फागुनका २३ दिन जांदा आहावाट विदा गरि पठायाको छ. तिमी वलाङचुङ किल्लामा पुग्यापछि पल्टनहरूलाई कवायेतमा मारूको हात वेस गरि सिकाउनु माटियाको लडाञीमा काम नलागन्या तेस्ता वारूदले सिपाहिहरूलाई वाहि वाढ हनाउन्या काम गर्नु मधेसको रसद दुनियालाई वोकाउदा १२ हजार मुरिको ८ पाठिका दरले भारि ३० हजार हुंदा घरलाई ४ षेप दरवंदि लाग्यो षेति पातिको याम पनि भयो दरवन्दि लाग्योको रसद पनि वालुंचुङ इनैले वोकि पुग्याउनु पर्न्या छ. मधेसको रसद १२ हजार मुरिसम्म वीरैपुरवाट चलान गर्न्या र ४ हजार मुरि श्री पींडेश्वरका मठमा जगेरा राषन्या तजवीज गर्न्या भनि लेष्याका कुरालाई वढिया तहविज ठहराया छौं—

(४६) स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री प्राइममिनिष्टर यान कम्याण्डर इनचीफ जनरल जङ्गवहादुर कुवर राणाजी श्री मिनिष्टर जनरल वम्ववहादुर कुवर राणाजी कस्य पत्रम्—

आगे श्री मद्राज कुमार कुमारात्मज श्री विर्गेडियर जनरल षड्गवहादुर कुवर राणाजीके आशिष उप्रान्त जंगि कामको रसदका चावल वोकन्या जनावरहरूको गोठाला चिरुवादार स्मेतको रोज १ को तपसिल वमोजिमका दरवंदिले ज्याला मजुरी दिनु भन्या प्रमानगिको दस्षत गरिदिन्यू—

तपसिल

झोवाचौरी— १ के पैसा रु ⅀।। भैंदाच्यांग्र्याका गोठाला
भेडा— १ के पैसा रु ⅀।। जना १ के चावलमाना २
घोडा— १ के पैसा रु ⅀ झोवा चौरीका गोठालाज
च्यांग्र्या— १ के पैसा रु ⅀।। ना १ के चावल माना २
घोडाका चिरुवादार जना के चावल माना— २

तस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल वद्री नरसिह कुवर राणाजीवाट लेषि चह्राइ पठायाको उप्रान्त १८ सै षोलाका हाम्रा रैयतहरू भोटका जगामा षर्तरि तिरि अघिदेषि चौरी गांठ राष्याको रहेछ ११ साल पौष महिनामा गोठ हेर्न जान्या गोठका मालिक र गोठालाहरूलाई ११ जना घोडचढि चौंढ जना पैदल भोट तरफका भोट्याहरू आइ डाका दि ५ जनालाई मारि ४ जनालाइ घाइत्या गरि ४ जना पक्रि दिउसो भारी वोकाइ राति पाता फर्काइ वाधी राषन्या गरि ३।४ दिनको वाटो लगी फर्काई दिया छन् भोटका चौरी ५।६ सये र अरु आलमाल गैह्र सवै लुटि लग्या छन् र १८ सय षोलाका द्वान्या अम्वर्सि थापाले लेषि पठाउदा र आहावाट गयाका श्री पुराना गोरख पल्टनका सिपाहिले देषि आउदा भोट्याहरूले यस्तो राहा गर्न्या पछि हामीहरू चुप लागि रहनु भयेन र फौज पठाउनु पर्न्यो श्री आइ मिनिष्टर जनरल वम्वहादुर कुवर राणाजी र श्री भैरवनाथ १ नआ गर्न्याका श्री जंगनाथ १ गोरषनाथ १ ज्मा पल्टन ३ तोप ८ ली फागुनका २३ दिन जांदा केरुझुगाको किल्ला होनगया. श्री कालिवक्स वर्द वानि पल्टन २ तोप ८ ली बिर्गेडियेर मेजर कपतान रणसि षत्रि कुतिको वाटो गया ताहावाट कपतान अम्वर्सि कुवर राणाजि र श्री वरष पल्टनलाई मोस्ताङको वाटो पायासम्म का रसद चौरी घोडा भेडा लुलु गदाहा षचर गैह्रलाई रसद वोकाई वैशाषका १५ दिन जांदा झुगा पुग्नु भन्या उर्दि दि चैत्रका ८ दिन जांदा सायेत गराई मोस्तां पठाइ दिनु मोस्ताङ पुगि वाहावाट जमा भै जानालाई पनि वैशाषका दिन जांदा सायेत गरि जानु भनिसक्य झुगाको किल्ला आहावाट गयाका पल्टनले दषल गर्ला आहाकाले पछि भयो भन्या श्री वरष पल्टनले दषल गर्नु भन्या उर्दि दि पठाउन्या काम गर भनि लेषि वक्स्याका अर्थ विरोध पर्न्यापछि विलम्व गर्न्या र हजुरवाट तषत छोडि वक्स्या जगा जगाका मनसुवा माफिक षर्षजाना र असवाफ चाजोपाजोसंग पुग्याउन हडवड होला कि भन्या जस्तो लाग्छ श्री वरषपल्टनलाई अह्राई झुगा जान्या सायेतको पुर्जि दि आहावाट चैत्रका ८ दिन जांदा राइटर वहिदार साथ गरि मुस्ताङ रवाना गर्छु मोस्ताङ पुग्यापछि सायेत मुताविक कपतान र पल्टन समेत झुगा तरफ रवाना हुनु भनि उर्दि दिने काम गरुला जंगि अैनका किताप १ आइपुग्यो

पल्टनलाई पढि सुनाई सकल ढडा कपदानलाई नकल ढडा अफिसरलाई दिन्या काम होला सिपाहि फिजवानलाई कम्वरि स्मेत गठा ३।३ र जो भयाको कुंभिपात वाडि दिन्या काम गरुंला श्री वरष श्री सम्सेर र जं पल्टनका पिपा षलासिमध्ये ठाडाबाट जो पठाइ दिनन् ज्मा गरि पिपा १ मा गोलि गठा ४० र पत्थर ४० महताप ४ का दरले भरि हालनु भन्या लेषि वक्स्याको रहेछ. अधि उदि पाइयेन र वन्याको पिपामा लेषियाको षजाना नग्रटाउदा र बनाउन्या फुर्सत नपाउंदा अधि उदि वक्स्या वमोजिम पिपा १ मा गोलि स्मेतका गठा ३२ पत्थर ३२ का दरले जो भयाको महताप राषि वोकाइ पठाउन्या काम होला पल्टनका पछि पछिलाई फलाम्या चुच्या ३ को दाला ३ चाट्या ३ षुर्पा ३ घन १ गल १ वञ्चरो १ मह ताप वालन्या चिमता १ ज्मा थान १६ का दरले तयार गरि पठाई दिनु भनि लेषि वक्स्याका अर्थ अधिका जगेरा छैन ९ दिनका आवादानिले ताकित गर्दा जाहासम्म वनि सकला वाडि दिन्ये काम गरुंला श्री वरषका निसान आहा राषि निसानका वदला झंडा २ तयार गरि वोकाइ पठाउन्या र पल्टनका अफिसर गैह्र नैन हवल्दार कप्रेलतकन हुन्यालाई जगेरा वंदुक दो पठाउन्या काम गरुंला श्री वरषका वन्दुक विकम्वा हुंदा जगेरा वन्दुक मध्ये भर्ना दिन्या काम गर्छु. सिपाहि भर्ना गर्न थामि रह्याछु भन्या चिठीमा लेखियाको छ. घाटवाट मानिस आउदा र यस्तो वेहोरा सुन्यापछि हडवड पर्न जाला भना निमित्त दर्सन गराउन लागी रह्याछु हाल सिकारू ८५०० मोहररू १५०० ज्मा १०००० श्री भाइ लेफटेन कर्णेलले वुटवलमा पठाइदियाका रह्या छन् मोहर नभै काम नचल्दा फिराइ पठाइ दिन्ये काम गर्‍या–

चैत्र वदि ३० रोज १

तस्तै वखत श्री प्राइममिनिष्टरका हजुरमा श्री कम्याडर कर्णेल पृथ्वीध्वज कुवर राणाजीले लेषि चह्राई पठायाको उप्रान्त हजुरमा विदा भै पल्टनलाई चाहिन्या पालकिला तर्जुमा गरि दाज्यैज्यू श्री मद्राजकुमार कुमारात्मज श्री जनरल धीर सम्सेर जंग कुंवर राणाजीका हजुरमा विदा भै सरासर वाटामा फौज तोप षर्षजाना स्मेत सावुद गरि चैत्र वदी १३ रोज ३ का दिन लिस्ति कोटमा आइपुग्यौ र बुझदा चैत्र वदि ११ रोज ४ देषि हिउं पनि वरावर पर्छ लिस्तिकोटमा पनि वरावर हिउं पर्दैछ पानि पनि वरोवर पर्दैछ कुति जान्या वाटो थुनियो भनि आहा रहन्या सुवाहरूले भंदछन् चैत्र वदि ११ रोज ४ कावेहान श्री कासिवक्स वर्दवानि पल्टनका निसान स्मेत कोदारिमा आइपुग्यो लेषि आयाको सायेतको कागज वमोजिम घडि थापि ११ घडि ११ पाला विताई दोसाधाका फलाम्या सांघुपार गराई ५० कदम पुटो गै वढाई गरि षलंगा ताहि पर्‍यो १ पट्टिको सप्त विजन षासा जान्या वाटोमा षलंगादेषि ५० कदममा विकट रह्या षलंगादेषि ५० कदममाथि गै लाफटन गुंवामा जान्या वाटोमा विकट रह्यो. कोदारिमा निसानसंग १ पट्टि रह्यो अरु सवै सांघुका वारि मुषमा वस्याको छ माथि-तिरको षवर अधि जस्तो हो उस्तै छ येही वन्दोवस्तसंग वस्याको थियो अलि पल्टन वढाई वसुं भन्या हिउं साह्रै पर्‍यो मुकाम लिस्ति–

चैत्र वदि ३० रोज १

श्री प्राइममिनिष्टर यानका हजुरमा श्री मिनिष्टर जनरलवाट लेषि चह्राई पठायाको उप्रान्त अम्वाले लेष्याको नकल हजुरले लेष्याको जवाव स्मेत आइपुग्यो. अम्वालाई लेषि पठायाको जवाप वहुतै मुनासिव भनि पठायाको थियो उसले ल्यायाको षवर आहा हजुरमा विदा भै जान्या चिटु पनि ताहि रहेछ. त्यो ता किरुंको ढेवा भैआयाको रहेछ भनि षामसुङ वाङदि पनि राम नारान् पनि ढेवा यो रहेछ भन्थ्यो रामनारान् सित चिटुंले मलाई यस्तो चिठी आयो तं ताहि वस जानु पर्दैन अम्वावाट हांफुङ १ र चिरपुं १ लामा जुवाट सेठेका जिटि गरिमा आयाका छन् सेठेका जिलेम टिगरिमा रहंछु फां फुंर चिटपु टिगरिको षैवुंकेरुमा आउन्छन् वन्दोवस्त गरुंला भन्या चिठी मलाई आयो र सिभुका लामालाई पनि येहि थाम्या तिमी जाउ र श्री मिनिष्टर जनरल साहेवसंग विन्ति गर भन्यो र म आज्ञा वाहाको षवर यैतिकै हो अव उप्रान्त चेवा नपठाउनु भनि हजुर-

को दस्खत आउंदा पठायाको छैन. षाम्साम् वाम्दीले लि आयाको मोहर दस्खत आफुसंगै राष्याको रहेछ. येस-लाई माक्षेसाथ लगाई पठाउन्या होकि हामीसंग साथै लैजान्याको वाटाको षवर वेत्रावतिवाट हिड्यादेषि पानि हिउं व्रोवर पर्न लागी रहेछ. आहा भन्या पानि र हिउं पर्न ठेगाना रहेन छ घाम लाग्यो भनि हिड्या पानि षर्छ पानि पर्ला भनि वस्या घाम लाग्छ. हिमालयमा वुझनु कठिन रहेछ ढिलो होला भनि भरिसक्य गर्दामा पनि १२ दिनमा वल्ल वल्ल स्याफ्रुमा पुग्यौं वाटो भन्या आहाका विकट काहातक विन्ति गरं. सतारामले वना-याको त यस्तो छ. लोप वोकन्याको हाल कुमला वोकन्या सिपाहि लं वर्कन फर्कन नहुन्या लोटेत ज्यू रहन्या रहेन छ. वाटो किन यस्तो भन्दा यो पनि सतारानले षुपै वनायाको भन्छन मिहिनत पनि षुपै गरेछ. नजर भया पछि जाहेर होला. तर यो वाटो फेरि नवन्या हजूर पाव लागदा मानिस षराप जानन्कि भन्या झै लाग्छ. साधुहरू पनि वेत्रावति त्रिशूल गंगा स्याफ्रुको साघुवगर ढुंगा मिसाई चिठ मिलायाको रहेछ. वर्षामा वढि आउंदा पानि पसन गयो भन्या होइ सकतैन भन्याझै लाग्छ फेरी नवनाइ हवैन अघि रसुवा जान्या अफिसरहरूले केरुंतर्फ-को षवर लेष्याको चिठी र चह्राई पठायाको छ. जाहेर होला केरुंतिर जान्या वाटो वनाइ जानहुन्न भंछन सता-रामलाई पनि थाहा छ हजुरमा उसले पनि जाहेर गर्ला आहा आयाका मानिसले वन्या रहेनछ ढुंग्याहरू २।४ आहुन कामिकौका रषन छिना स्वावल गतल तहि वन्याका र कामदार होसियार अफिसर पठाई वक्स्या मात्र वनजाला हामीले वनाया लोप पनि होला म जुगुत पनि हवैन मुकामु स्याफ्रु—

श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलवाट लेखि चह्राई पठायाको उप्रान्त हामीले पठायाका चिवा-हरूले ल्यायाका षवर झुगाको किल्लामा १०।८ दिनमा हामी आइ पुग्छौ दारुराघास् रसद पानि मजगुत गरि राष भनि माथिवाट आउन्या भारादारहरूले लेष्याको रहेछ हामीलाई उदिछ भनि भोटचाहरूले भन्दा रह्या छन् आज १ थर कुकुर घाटसम्म पठाई रह्या छौ जो षवर आउनन् ल्याउना वित्तिकै चह्राई पठाउला शुभम्—

षाम भित्रका चिठीको नकल

उप्रान्त चैत वदि ११ रोज ४ का दिन ११ घडि ११ पला जांदा रसुवा सांघु तरि भोट जगाको सिमानामा निसान लि वाहाल गर्यौं येक सिकचनका सिपाहि वाहाल-का वढाइ भयो हजुरवाट भंजि भया वमोजिमका ठाउ पाइ दक्षिण पट्टिका आड भत्काई उत्तर पश्चिमपट्टि आफुलाई चाहिन्या आड वाधी पल्टन २ रलाजिम्मा समेतलाई जनै २ पाथिका दरले रसद लि वाडी दि वसि रह्या छौ. श्री कांछा जनरल साहेववाट टिमुन्याका मुषियालाई केहि समाचार वुझि आ भनि पठाउनु भयाको रहेछ र टिमुन्याको मुषियाले ल्यायाको समाचार सलतनका वेहोरालाई दुई भारादार आयाका ढिला भया ४।५ दिन हामी केरुंमा उत्रौंछौ. नेपालवाट लस्कर आयो भन्छन लस्कर आया पनि तिमीहरूले हात मुष नछोडी नेपाल लस्करले पनि केहि गर्या छैन भनि लेषियाको चिठी लि आयाको थियो भनि केरुंका ढेवाले भंथ्यो नेपालवाट फर्क्याको चितु र देवा धर्माका लामालाई दुई केरुंमा वस्याका छ भनि भंथ्यो. लुकन्या प्याङ फेदि रसुवामा विकट वस्याका भोटचा आहावाट फौज आयो भन्या षवर सुन्या वित्तिकै भागि गयेछ केरुंग्या पनि घरमा १।२ घर कुहन्या वसि लाषा पाषा लागिरहेछ भन्यो गलफा सुनिछ हालको वेहोरा यस्तै सुनिन्छ—

तसै वखत श्री प्राइममिनिष्टरवाट प्रोहित चतुर्भुजदत्त अर्ज्याल मेजर कपतान भैरववहादुर पांडे सुवा धन सुन्दरलाई लेषि गयाको सुवा चेतनाथ पाध्याले ताहा जंगि काममा रहि कामकाज गर्दा आफनु टिमुन्या गोदाममा दाषिल गर्नु पर्या रसद नपुन्याइ गोदामवाट रूपिआ ३६।। र रसिद ल्यायाको ठहर्दा आफु हाकिम भै गोदाममा पुन्याउनु पर्या रसद नपुन्याई रूपिआ र रसिद लिन नजान्या वावतमा १२ सालका वालीलाई षारेज गरी विगाको रूपिआ स्मेत फिर्ता गराई ५१४ रूपिआ जरिवाना भयो. हाकिम भै यस्तो काम गन्यालाई

यसभन्दा पनि ज्यादा हुन्या छ सो बुझी बहुतै षबर्दारिसंग काम गर शुभम्–

लिस्ति तरफ सुवा ईश्वरी प्रसाद अर्ज्याल कपतान रामु सुवामान सरोवरसिंके वेहोरा सदर–

चैत्र शुदि १ रोज २

श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलले लेषि चह्राई पठायाको उप्रान्त भाई जनरल जगत सम्सेर जङ्ग कुवर राणाजी र कर्णेल उमाकान्त सापकोटा श्री नाथ पुराना गोरष देविदत्त पल्टन ३ पठाई वक्सनु भयेछ. अघि आया पनि पछि आया पनि आउनै पर्थ्यो ऐले पठाई वक्सनु भयाको वढियै भयो श्री देविदत्त भैरवनाथ जंगनाथ गोरखनाथ पल्टन ४ र तोपलि झुगा हान्न पठाउनु भन्या मर्जि भै आयाको वढियै हो. अघि श्री भैरवनाथ जंगनाथ गोरखनाथ पल्टनलाई झुगासम्म जानु भन्या मर्जि भैआयाको हो हिउं र वाटो षोल्याको भया ३ पल्टनले पनि झुगासम्म जान्यै थिज्युं हिउं नषुल्दा र वाटो नवन्दा रहन गयाको हो हजुरवाट श्री देविदत्त श्री भैरवनाथ जंगनाथ गोरखनाथ ४ पल्टन स्मेत पठाउनु भन्या मर्जि भै आयेछ वढिया हो हिउं षुल्दा र वाटो वन्यापछि कसैले पनि जानु हुन्छ मर्जि वमोजिम गर्न्यै छौ श्री जंगनाथ गोरखनाथ पल्टनले पनि रसुवादेषि केरुसम्म वाटो वनाउन लाग्याको छ तयार हुन्या वित्तिकै हामी केरु पुगी सुवाहरुलाई झिकाई रसद वोकाउना र भराउनाको तजवीज गर्छौं आजकाल र घांस नहुंदा भेडा ल्याउनु हुन्दैन भनि खाम् षामवाम्दी भन्छन् घांस पनि रहेन छ रसुवा टिमुरामा रसद भराउनुमा कुप गर्न्यौं. मेजर कपतान भैरवबहादुर पांडे सुवा धनसुन्दरलाई केरुमा रसद भराउनु भन्या उर्दि दि साथै लैजान्छौ आहाका रसदका चौकिलाई अघि रसदमा आयाकापट्टिमा हेरिराषि दिउंला अरु कुराका अर्थलाई मर्जि वमोजिम गरौला अघि चिवात षठाउनु भन्या मर्जि भै आउंदा वंद गर्याको हौ फेरी पठाई भन्या मर्जि भै आउंदा पठायाको छ जो पायाको षवर विन्ति गरि पठाउला मुकाम चलि चलाव–

षामभित्रका पुर्जिको नकल

पश्चिम तरफका रैति गैह्र रसद पुर्याउन आयाका रह्याछन् कस्ततारहंग रसिद दिदा रह्याछन् भनि मैले हेर्न गआ र रैतिहरूका अनाज भर्न भन्या तुरंत भर्न्यौं रसिद भन्या ३५।४० दिनसम्म नदिन्या पछि दिंदामा र लाटा गाडा रैति येति भनि थाहा नपाउन्या रसिद पाउंनालाई जुलुम भयाका ४ रुपियां दिन्यालाई १ रुपिया पनि थाहा नपाउन्या रहेन छन् यो मैले विचार गरि हेर्न्ये कसैलाई पनि थाहा रहेन छ. नेपाल्यालाई भन्या भरि पनि रसिद पनि चाडो दिन्या कालिपारका लागि भन्या ढिल गर्न्यौं रहेछन् नेपाल्याले जा ताहा विति गर्नन् भन्याले चाडो दिदा रहेछन्–

तस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल वद्रिनरसिंह कुवर राणाजीवाट लेषि चह्राई पठायाको उप्रान्त वरष पल्टनका सुवेदारी अघि हजुरमा विन्ति चह्राई पठायाका सुवालालको भाई रनिमानसिलाई सुवेदारि गरि आफ्ना पगरि लगायत कप्रेलतकलाई जगेरा वन्दुकमध्ये ११ नाल दी निज पल्टन विकम्वा वन्दुक १२१ नाल भर्ना ली श्री सेर सवुज पल्टनका षारेजि जगेराका वन्दुक १२१ नाल सटाई निसान आहि राखि तिनै निसान वोक्न्यालाई नआ झंडा २ तयार गरि मजकुर पल्टनका पिपा ज्मादार छ पिपा षलासि १२० मध्ये निसान तहलुवा १ कट्टि गरि वाकि ११९ श्री समर जङ्गका पिपा षलासि मध्ये आयाका पिपा ज्मादार १ पिपा २४ ज्मा पिपा ज्मादार ७ पिपा १४३ मा अघि कपतान अम्वरसिं कुवर राणाजीका साथमा ज्मादार १ गठा ३० का दरले पत्थर ४८६ स्मेतका जंगि पिपा २७ वोकि जान्या पिपा २७ वाकि ज्मादार ६ पिपा ११६ लाई वत्तिका दरको ९ तेतिसका दरको १६ चौतिसका दरको ३१ पैतिसका दरको २० छतिसका दरको १३ सैंतिसका दरको १२ अठतिसका दरको १ उनन्चालिसका दरको ३ चालिसका दरको १० ज्मा जंगि टोटाका भारि ११५ र आहा रह्याका महताप पुटफैरका भारि १ ज्मा पिपा ११६ पत्थर ४८६३ स्मेत वोकाई कोदाली १० का दरले १० घन १० वंचरो १० षुर्पा १० महताप वालन्या १०

चुच्या ६ गल ४ षति १ होचो १ चुपि २ चिटाक २ कुपि २ साभि ४ कुंभि पाटको १०।१० हातको डोरी ७२ पट्टि मारफि जवाजलाई कम्वरि जंगि गोटा ३।३ पत्थर ३।३ वाडि दी राइटरमा आफना तरफवाट थप वर्दा १ वहिदार १ सान २ समेतका लोहार मिझार १ भाई ४ सपेति छाला भारि २ समेतका सार्कि मिझार १ भाइ ४ सिकर्मि नाइक्या षानगिन हुदा २ काममा सिपालु हुंछ. भाइ षानगि २ को नाइक्या भाई १ कुलु १ साथ लगाई अघिको आइनका ढडा मुस्ताङ जांदा नकल ठडा पढि सुनाई अफिसरहरुलाई ढडा दी मुस्ताङमा कपतानसंग सामेल भै झुगा जान्ये सायेतका पुर्जि वमोजिम वैशाषका ३ दिन जादा नीज कपतानले खरिद गर्याका रसद तायेदात भयाका जनावरलाई वोकाइ कपतान लगायत पिपा वानादार तक गैह्र पल्टनले षर्जाना स्मेत मुस्ताङवाट रवाना भै १५ दिन जांदा झुगा पुगनु मजकुट कपतानले लाया अह्राया वमोजिम रहनु. नेपालवाट गयाका पल्टनले सवै झुगाको किल्ला दषल गर्ना कदाचित ढिल भयेछ भन्या श्री प्राइममिनिष्टर दाज्यैज्यूका मर्जि मुताविक झुगाको किल्ला दषल गर्नु. अफिसर लगायत पिपा वानादार लेकले श्री प्राइममिनिष्टर दाज्यैज्यूका आइन. मर्जि वमोजिम हामीले उर्दि दिया माफिक अफिसरहरुले लाया अह्रायामा जसले तत्पर भै गरेन जंगी ऐन मुताविक सजाय होला भनि आफुले जान्या वुझ्यासम्म अह्राई सिकाई उर्दि दि चाडो जानु भनि चैतका ८ दिन जांदा श्री वरष पल्टनलाई मुस्ताङ तरफ रवाना गर्या मुकाम तानसेन–

(५०) चैत्र शुदि १ रोज ७ मा चैत्रका दिन ८ जांदा दिन गत घटि १६ पला ३७ जांदा पाल्पावाट श्री वरष पल्टन मुस्ताङको वाटो गरि झुगा तरफ रवाना भयाको कपतान अम्वरसिं कुंवर राणाजि– १

लेफ्टेन वषतवाहादुर थापा	१
गोलंदाज स्मेतपट्टिका सुवेदार	११
कप्रेल ज्मादार	१०
राइटर	२
अर्जिटन	१
लैन हवल्दार	१
निसान	२
नाल	५३१
गोलंदाज	१७
षर्दार	१
कोत्या	२
पिपा ज्मादार	७
वहिदार	१
वानादार	८
पिपा	११६
सिकर्मी नाइक्या	१
लोहा	५
मिझार— १ लोहार— ४	
कुलु–	१

चैत्र सुदि २ रोज ३

तस्तै विचमा श्री प्राइममिनिष्टर यानका हजुरमा श्री मिनिष्टर जनरलवाट लेषि चह्राई पठायाको उप्रान्त मैले केरुमा वुझनु पठायाको चिवाले र केरुंग्या रैतिले ल्यायाको षवर गाउंमा मानिस सवै भाग्या छन. नेवार पसल्या सवै छन्. लुला लंगडा गरिव गुर्वा गरि १००।१५० मानिस हुनन् चिटु यास्यछ. सिभुको लामा छ गाउमा कम्मरसम्म हिउं छ च्यांग्रासिको पूजाहारि भागेछ. पूजा वन्द भै रहेछ भन्ना निमित्त केरुं वसि श्री देवताको पूजा चलाउनु भाडा वर्तन सवै तायेदात गरि लेषि राषनु पूजा वन्द नगर्नु भनि केरुंग्यालाई अह्राई पठाया. केरुंग्याहरू ज्याला षाई षाई वाटो वनाउन आउंछन् भन्या जति सक्याको ल्यायास भनि अह्राया सक्याको ल्याउला भन्छन् जो ल्याउला लेषि चह्राई पठाउला झुगा तरफ पठायाकाहरू वाटोमा हिउं परि वन्द हुंदा फर्कि आया केरुंग्या पनि झुगातिर जान्या वाटो हिउं परि वन्द भयाको छ भन्छन् भागि गयाको चिटु पनि हिउले जान नसकि अंत लुकि रहेछ. झुगामा. कैद गरि राष्याको लामालाई पनि साथरमा लगि लामा र स्वास्नीलाई मार्यो भनि केरुंग्या भन्छन् चौरी भेडा केरुंमा केहिता

छन् भन्छन्. ति षवर ल्याउन्या केरुग्याहरु षानामा टुन्याका रह्याछन् र ४ जनालाई ६ पाठि चावल वक्स दिआ पान सय षोलामा चौरी भेंडा षवर गर्दा कोहि मिल्दैनन् सामल वोकन वाटो वनाउन पान सयका प्रजा-लाई लगाई भन्या पनि ह्राच्या रहेनछ भादगाउंमा थुनियाको छ भन्छन् षामसाम् वाम्दी साथैमा छ आफ्ना गाउंका मानिस हाजिर गर्छ. गाउ सानु रहेछ. भेंडा ३०० सम्म ल्याउछु भन्छन्. इ आयाका षिपाले वाटो किल्ला षलंगा वनाउनु र चावल वोकनु इनै मात्र गर्दा काम ढिल हुन जाला गाउंगाउंमा पक्रन पठाउदा आलटाल भै सामेल हुन्दैन ह्राच्यालाई पठाइ वक्सनु भया गाउका प्रजा ज्मा गरि काम लाउला पल्टनमा दरियाका पसल्या-हरू पनि आयाका छैनन्. सिपाहिहरूका हतियार मुढा काटन्या र मानिस काटन्या येकै रह्या छन् मुढियाका छन् ४।५ कामिलाई सान स्मेत दी पठाई वक्स्या वढिया होला घडि वाल पठायाको छ भन्या लेषि आयाको हो अझ आई पुग्याको छैन. मुकाम चलिचलाउ–

तस्तै वषतमा श्री प्राइममिनिष्टरवाट विर्गेडियेर जनरल षड्गवहादुर कुवर राणाजीलाई लेषि गयाको. उप्रान्त तिमीले पठायाको भोटचा निकमारि २ मध्ये तरुनि राम्री चाहिक भारि १ ले वुवाको महंतले चह्राई पठायाको कमारि १ येतावाट भागि गयो. ताहाले वुवाको महंतलाई पनि चिठी लेषि पठाई तेस तरफ षोज तरास गरि ति दुवै कमारिलाई पक्रि वाटामा नउमकन्या गरि मानिस साथ लगाई षठाइ दिन्या काम गर–

तस्तै वखतमा श्री प्राइममिनिष्टरवाट श्री जनरल वद्री नरसिंह कुवर राणाजीलाई लेषि गयाको उप्रान्त अघि दुई पल्टन भर्ना गर्नु भन्या मर्जि भै आयाको हो फेरि पछि ६ सय आहि भर्ना हुन्छ. ६ सय ताहि भर्ना गर्न सकिन्छ भन्या भर्ना गर्नु ताहा भर्ना भै सकिदैन भन्या भर्ना भया जतिको नामासि लेषि आहा पठाउनु आही भर्ना होला भन्या लेषि आयेछ जानं त भरमगदुर गन्याको कपताम देविदास पाध्यासंग वुझि वक्स्या जाहेर होला भर्ना गन्याका मानिसका पगरि कुर्था नहुंदा र षाना भार मन्यो भंदा २५ दिन जांदा फागुनमा सामेल हुनु भनि विदा दि १० दिनको पेज षादा ढिल होला भन्या प्युठानाका वंदुकमा वोकाउन लगाई आजसम्म जोरज्मा गन्याका मानिस भर्ति गरि पैंला लम्वरको पल्टन १ लाई वंदुक दि चैत वदि ९ रोज २ का दिन आहावाट रवाना गन्या नीज पल्टन १ को नामासि ढडारू दोश्रा पल्टनमा आजसम्म भर्ति भयाको जवानको फर्द चह्राई पठायाको छ भन्या विस्तार सहित हजुरको नामंजुर देखता भर्ति गर्न थामि रह्याछु भन्या विस्तार लेष्याका अर्थ अघि सवै मानिस रसदमा गयाका हुनाले मानिस कम छ भन्या कुरा तिमीबाट लेषि आउदा ताहि मानिस कम छ भर्ना भै सकिदैन भन्या आहि भर्ना हुनन् भन्याले लेषि गयाको हो. तिमीले ताकितामा कम् गरि भर्ना गर्न सकेनौ भन्या कुरामा नामजुर भै लेषियाको होइन. अव्वर पैंल्ला लम्वरका १ लाई वंदुक दि रवाना गन्या भन्या र दोश्रा लम्वरका पल्टन १ मा भर्ति भयासम्मका जवानको समेत नामासि फर्द लि आउदा म वहुतै षुसि भया. सवै मानिस रसदमा गयाका हुनाले कम छन् भन्या लेषि आउदा केहि जवान आहा भर्ना हुन गया. तस् निमित्त दोस्रा लम्वरमा जो भर्ना गन्यौ गन्यौ. अव यो चिठी पुग्याका मितिदेषि वंद गरि भर्ना भयाका जतिलाई वंदुक दि भर्नाको कागज स्मेत आहा पठाउन्या काम गर. वुटवलमा पैसाले मोहर सातन्या कुरामा २० गंडाका चलन भैरहेछ अघिका सनद वमोजिम मेजान मिल्दार रह्याको दस्षत वमोजिम डिठाराज मानसिंलाई सक्छ भन्या १९ गंडाका दरले साटन्या काम गर्नु सकतैनन् पैसा वोकाई पठाई दिनु भनि लेषि पठाउ भनि लेष्याका कुरालाई आजकाल चल्याका भावकात वीज गरि डिठाराजमानसिंलाई मुना सिफ माफिक व्येहोरा षोलि लेषि पठाउन्या काम वढिया गन्याछौ कपतान अम्वरसिं कुवर राणाजीवाट लेषि आयाका मोस्ताङ तरफका चौरी गैंह जनावरको फर्द पठाया छौ. आइपुग्यो श्रीवरष पल्टनका वन्दुक वीकम्वा भैरह्या छन्. तिनलाई कसो गर्न्या हो भनि लेष्याका कुरालाई. श्रीवरष पल्टनका वीकम्वा ?याका नाल जति वुझी लि तेसका वदलामा ताहा जगेरा रह्याका वन्दुकमध्ये सट्टा भर्ना दि पठाउन्या काम गर्नु. नीज पल्टनका सुवे-दारका कुरालाई लेषि गया वमोजिम भर्ना गरि पठाउन्या

काम गरन्यै छौं श्री सम्सेर जगका पिपा षलासिमध्ये निसानका टहलुवा १ राषि वाकि चाडो पठाई देउ भनि लेफटेन कर्णेल भाईलाई लेषि गयासा पिपा पठाई दिन्ना भन्या लेषि आयो. षलासि पठाई दियेन छस् भनि लेष्याका कुरालाई निसानका टहलुवा १ राषि वाकि पिपा षलासि र रुपैंया चाडो पठाई देउ भन्या र पाल्पा भाई जनरल वद्रि नरसिंह कुवर राणाजी वाहादुरवाट लेषि गयाका कुराको ताकिता गरि नीज भाईसंगको सल्लाह राषि काम गर भन्या आहावाट पनि लेषि पठायाको छ. तिमीले पनि ताकिति गरि श्री सम्मेरका पिपा षलासि झिकी अघि लेषि पठाया वमोजिम पल्टनका संगमा षजाना वोकाई पठाउन्या काम गर्नु विरोध पऱ्यापछि विलम्व गऱ्या र हजुरवाट तषत छोडी वक्स्या जगाजगामा मन्सुवा माफिक षर्षजाना र असवाफ चाजो पाजो पुऱ्याउन हडवड होलाकि भन्या जस्तो लागदछ भनि लेष्याका कुरालाई वढिया लेष्या छौ जगा जगालाई चाहिन्या षर्षजाना रसद गैह्रको वन्दोवस्त वांधी दोश्रा लम्वरमा चैत्रका दिन १३ जांदा श्रीनाथ १ देविदत्त १ पुराना गोरष १ ज्मा पल्टन ३ ली श्री भाई जनरल जगत सम्सेर जङ्ग कुवर राणाजी कर्णेल उमाकान्त साप-कोटालाई केरु तर्फ षटाई पठाउन्या काम गर्छु. केरुतर्फ जान्या फौजलाई वैशाषका १५ दिन जांदासम्म झुगादेखि नवढनु कुति तरफ गयाका फौजले भैरव लंगुर ननाघनु भन्या उर्दि पठाजा ताहासम्ममा भोटवाट अघिको हाम्रो कुरु कुति कुकुर घाट सांध र जुमला तरफ सिष आउन्या वाटो थुनाई ताकला र सांधर २ करवर रुपिञा दिधा सलुक गऱ्या भन्या हाम्रा फौज फिरि आउन्या छ ताहा-सम्ममा भोटवाट घा सलुक गरेनन् भन्या हाम्रो फौज थपियापछि घासलुक गऱ्यो भन्या पनि मान्या छौंन आफूहरूले भोट गोर्षा मिलुन भनि भरिसक्य गर्नु भयो थ्यो आफुहरुको भय नराषि षर्चरि तिरिवस्न्या हाम्रा रैयतलाई मारि चौरी असवाफलुटि लैंगयापछि · सहन सकेनौ लडछौ श्री ५ वादसाहका हकलाई र हामी आँखाले पनि हेर्न सकतौन हात जोरिनुह्याका छौ चिनिया सिपाहि ताक्या कुकुरसंग पनि हाम्रो लडन्याको सामर्थ छैन. चिनिया सिपाहिहरू भोटका फौजमान रहुन फरक गरि वक्सनु भया वढिया होला भन्या व्यहोराको ह्लासा-वा अम्वालाई पनि लेषि गयो. भोटका सेठा काजि पनि टिंगरिमा आयो भन्ठन् म पनि सवै चाजो मिलाई भोट लेक्या डवल गर्छु वुझि पछिल्ला लम्वरमा जान्या काम गरुंला. वन्याका पिपामा आहावाट लेषि गया वमोजिमको षजाना नग्रटाउदा पिपा १ मा भोलि समेतका गठा ३२ पत्थर ३२ का दरले महताप समेत पठाउन्या तजविज वेस गऱ्या छौ. तेहि तजवीजसंग श्री वरष पल्टनका सावि्क र श्री सम्सेरजंग पल्टनका पिपा षलासि ज्मा गरि पठाउन्या काम गर्नु सायेतका पुर्जि वमोजिम आहावाट लेषि गयाका सवै चाहिन्या कुराको ताकिति गरी पठाउन्या काम गर्न तिमी जान्यै छौ. कामको जरुरि पर्दा केटाकेटिका गहना पंडित दिनानाथ पाध्या मार्फत वाधा राखि सात हजार रुपिञा ली ज्मा दश हजार रुपिया कपतान अम्वरसिं कुवर राणाजीलाई पठाई दिन्या काम वढिया भयेछ ति वंधक राषि लीयाका ७ हजारको सुन तिमीलाई लागन्या छैन सुन समेत भर्ना होला ११ साल चैत्र सुदी २ रोज २

चैत्र सुदी ३ रोज

तस्तै वखतमा श्रीप्राइममिनिष्टरका हजुरमा मेजर कप-तान भैरववहादुर पांडे सुवा धनसुन्दरले चह्राई पठायाको सुवा चेतनाथ पाध्यालें ताहा जंगि काममा रहि कामकाज गर्दा आफ्नु टिमुन्या गोदाममा दाषिल गर्न पर्न्या रसद नपुऱ्याई गोदामवाट रुपिञा २६।। र. रसिद लियाको ठहर्दा आफु हाकिम भै गोदाममा पुऱ्याउनु पर्न्या रसद नपुऱ्याई रुपिञा स्मेत फिर्ता गराई ५१४ रुपिञा जरीवाना भया हाकिम भै यस्तो काम गर्न्यालाई येसरन्दा पनि ज्यादा हुन्या छ. सो वुझि वहुतै षवर्दारिसंग काम गर भनि सिक्षा पत्र मेहरमानगिका अर्थ गरी परवर सुवा चेतनाथ पाध्यालें वेइमान गऱ्याको हामीले वुझ्ने मात्र तहकित गर्न लाग्यौ. विरां भै नवोलन्या भया हजुरका दर्शन पाउन्या मात्र विन्ति चह्राउला भनि रह्याका थियौं. हाम्रा भाग्यले श्री कांछा जनरल साहेव आहा पाउलाग्नु हुंदा सुवा चेतनाथ पाध्याको वेइमान गऱ्याको विन्ति चह्राजा छौंथ्यौ. हजुरमा जाहेर भै सजाय भयाको

कृपापत्र पनि वक्सीस भै आइपुग्यौ. हामीहरूका अर्थ वुद्धिले भेटाग्यासम्म गरि इमान नछोडी मर्जि वमोजिम भर मगदुर गरी तहलमा छौ विवेक मेहरमानगी हजुरवाट रहेछ. जो मर्जि शुभम्–

चैत्र शुदि ३ रोज

श्री महातारी साहेववाट श्री जनरल वद्रिनर्रासिह कुवर राणाजीके लेखि गयाको श्रीफ हजुरका आशीर्वादले र श्री प्राइममिनिष्टर दाज्यैज्यूका मेहरवानिले मात्र काम चल्याको छ. भनि लेख्याका कुरालाई काम कुरा गर्दा श्री ज्येठा नानीका सीक्षा वमोजिम गर्नु र सवै कुरालाई वढीया हुनजान्छ भौ श्री माहिला नानी ३ पल्टन ली केरु तरफलाई सायेत गरी वालाज्यू वस्न गया भन्या कुराको विस्तार अघि लेखि पठायाका पत्रले वुझ्या हौ. अवर श्री कान्छा नानी जनरल जगत्ससेर जङ्ग कुवर राणाजी र कर्णेल उमाकान्त सापकोटा. श्री नाथ पुराना गोरख देविदत्त पल्टन ३ लि चैत्रका १३ दिन जांदा आहावाट सायेत गरि केरु तरफ जान्छन् नयां गोरख पल्टन र नीज पल्टनका पगरीहरू दोलषाका अम्वलमध्ये लामा वगर वुलु भन्या जगावाट टिगरि नजिक पर्छ भनि तेस ठाउंमा रसद ज्मा गर्ना निमित्त येहि मैल्हाका १३ दिन जांदा विदा भै हिडछन अरू विस्तार जो परि आउला लेखि पठाउदै गरिएला शुभम्–

चैत्र शुदि ४ रोज ४

यसै वखत श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलवाट चह्राई पठायाको टिमुन्यावाट रसुवाको सांघु तरि श्री जगनाथ श्री गोरखनाथ वस्याको ठाउंमा पुग्यौ कोष १ रहेछ· आहावाट प्याङ फेदी सवाकोस रहेछ आहा वसि ३ कोषसम्म वाटो वनाई येकै दिनमा जाउला फेरी उहि डवलसंग वढन्या काम गरौला पानसै षोलाका मानिस षाम्सा स्वाम्दीले ज्मा गरि झारालाई सकदो रहेन छ सिपाहि पठाउदा र केहि विहुत गर्ला भन्नाले पठाउनु सक्याको छैनौ यसै डाकदा भन्या ३०।४० मात्रै ज्मा हुन्छ. तेतिले काम चलेन केरुग्याहरु कोहि आयाको छैन ६ पनि २ पाहाडीया हैजेरको १ ज्मा घांज्यान ३ पनि पठाइ वक्स्या वढीया होला. गोला भर्न्या वारुड ३३ मुरी चाहिन्यामा १२ मुरि मात्र आयाको रहेछ वाकि २१ मुरि पनि पठाई वक्सनु होला. मेजर कपतान सताराम षत्रीले ल्यायाको तोपको षजाना गोलंदाज रसुवाको सांघुमा राष्या वढीया होला भन्या जस्तो मेरो चित्तमा लाग्छ तजवीजमा ठह्न्या पठाई वक्स्या जावस ताहावाट भर्ना नभायाका पिपा २२२ भाग्याका ३४ ज्मा ३५५ छन सुवेदार अैमान षत्रीसंग रह्याका पिपामध्ये नउठ्या-को भारी उठन्या गरि चाहीदो लग्या सुवेदार अैमान षतृले आजसम्म काजकाम वेस गर्याको रहेछ मैले पनि इनैलाई सांघु १ ले निर्वाह हुन्या छैन फड्क्या पनि हाल भन्या उदि दिला वाटो काहिकाहि विग्र्याको रहेछ फेरी सवुज हुलाकि पनि ठिक ठिक वडा वडामा पर्याको रहेन छ त्यो तजवीज गरि राष भनि इनै सुवेदारलाई उदि दिला सुवेदारले तजवीज गरि विन्ति चह्राई पठाउनन् सो माफिक गरि वक्स्या जाला म आहा रसुवासम्म आइ पुग्या षाम्सा स्वाम्दीलाई पानसै षोलाका रैती सवै ज्मा गर्नु भन्या उदि दिदा २५।३० लाई ज्मा गर्नु पनि जुलुम हुन्छ भन्या मैले आहा पानसये षोलाका मानिसलाई काम लाउनु भनि सुवेदार अैमान षतृलाई उदि दिला हजुरवाट जो मंजुर पर्छ यसलाई केही सनद पत्र छैन सनद पत्र गरि वक्स्या जावस मंजुर परेन भन्या अरुलाई पठाई वक्स्या जावस रसुवा देखि केरुसम्म हामीसंग आयाका पिपालाई वाटो वनाउन-लाई जान्छु मुद्दत पछिलाई वाटो चाहिन्छ भन्या वनाउन-लाई वक्स्या जावस हामीले वनाउ भन्या ढील हुन्या छ कोन्या २ भर्ना भै आया छन् १ कोक्चक ठहरी तही आयाको छ १ को र भाई श्री जनरल जगत्ससेर जङ्ग कुवर राणाजी थाई छन्. त्यो थामिया र षोसियाको सुवेदार अैमान षतृलाई १ चिठी पठाई वक्स्या जला शुभम्–

चैत्र शुदि ४ रोज ५

श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलवाट चह्राई पठायाको यो वाटो आयाको रहेछ भन्या षोजदा फेला पर्या पक्री चह्राई पठाउन्या काम गरुंला केरुका श्री च्यांग्रासि देवता उठाई लग्यो भन्या अस्ति विन्ति चह्राई पठायाको हो. अवर फेरी रामनारानले र हाम्रा

चेवाले ल्याग्राको षवर श्री च्यांग्रासि देवता पनि ल्याइ राष्यो केही घर दुनियालाई तसल्लह गरि झिकाये छ लामाले र चिरुंले रामनारानले चह्राई पठायाको चिठी वेजिस चह्राई पठायाको छ. जाहेर होला च्यांगाउका रैंथतहरू भाग्याका रह्या छन् तिनलाई तसल्लहलाई केही रुपिञा इनाम पनि दिञा षाम्साम्वाम्दी पनि आज आयो भोलि तेस्लाई पनि केरुं पठाउन्या काम गरुंला मुकाम रसुवा शुभम्—

षामभित्रका पूजि र चिठीको नकल

षाथि माना कुर्वा तुला ढकमा छाप लाउन्या टक पठाई वक्स्या जावस् भंजितका भाउले मोहर चह्राई पठाउला हजार वाहरसै रुपिञाको पैसा पठाई वक्सनु होला आहा चलनलाई पैसा रहेन छ दुनिञालाई चलन चलाउन पनि पर्छ उप्रान्त आहाको हाल सुरत बुझदा केरुंको ढेवा चेटुं दुई पनि काये भन्याका गुम्वामा गयाका रह्याछन्. केरुंमा आई पुग्दा चेटुं अघी आई पुग्याको रह्याछन् म केरुं पुग्या पछि ढेवा पनि आउपुग्यो. ह्लोपा लामा पनि उसैको गुरुको ध्याङमा देउताको दर्शन गर्न गयाका रह्या छन् म केरुंमा पुग्नि वित्तिकै टिमुग्या केलिन्देन र हामि दुई जना उनिहरू वस्याका ठाउंमा गै चेटुं ढेवा ह्लोपा लामा तिन जना जम्मा गरि हामीले च्यांग्रासि देवताका कुरा चलाउदा हामीले थुन्याको छैन पूजाहारीहरूले हुल मुलमा देवताको आलमाल हराउला भनि थुन्याको भन्यो र उसो भन्या हामीहरू सबै जाउ र देवताको दर्शन गरुं ढोका षोलिदेउ भन्दा चेटुं ढेवा ह्लोपा हामीहरू प्रजाहरू समेत जना सये यक गै देउताको दर्शन पायो. अघीको वढिया माल भन्या केही देखियेन हजुर सवा दिन हुज्यालसम्म माझाको ढोका षोलि दुनियालाई दर्शन दिनु हजुर आहा सवारी भयापछि मर्जि वमोजिम काम गरुंला भन्या आहावाट ह्लोपा लामा र चेटुं दुई २ जना पंचमिको दिन टिगरि तिर हेर्न आयो. माथितिरको षवर केरुको मुषिया जना ३ गै आई पुग्यो र तिह्रहरूसित सोधदा टिगरिमा टिगरिको ढैवु १ ह्लासावाटा आयाको तानाराजु भन्या ढेवा १ पुगि आयाको छन् टि गरिमा अघी देखि भयाका सिपाहि वाहेक छैन भन्छन् फेरी तिव्रवाट हाल सुरत बुझदा ह्लासाको सेठा काजि टिगरिवाट ५ दिनका वाटा ह्लचि भन्याका गाउंना वसि सिपाहि वटुली वस्याका रहेछ ह्लासावाट आयाको च्यांग्रावा भन्या कपर्दार टिगरिवाट ७ दिनका वाटामा डम्सरि भन्या जगामा वसि लस्कर वटुलन्या काम गरि वस्याका रह्याछन्. अरु भोटचाहरू कोहि आयाको सुनिदैन. आहा केरुंका रैति वनमा भागि गयाकाहरू कति फर्कि आयो कति आउदैछ फेरी आहाको चौपायाका हाल सुरत बुझी भेदा च्यांग्रा लीं सप्तमीको दिनमा हजुरको चरणमा आइपुग्यौला शुभम्—

चैत्र सुदि ४ रोज ५ मा

श्री प्राइममिनिष्टरका हजुरमा सुवा इश्वरीप्रसाद अर्ज्यालले चह्राई पठायाको सुवा चेतनाथ पाध्यालें टीमुग्या गोदाममा वसि कामकाज गर्दा आफ्नु टिमुग्या गोदाममा दाखिल गर्नुपर्ने रसद नपुग्याई गोदामवाट रुपिया र रसिद ल्यायाको ठहर्दा आफु हाकिम भै गोदाममा पुग्याउन्या रसद नपुग्याई रुपिञा र रसिद लिन नजान्या वापतमा १२ सालका वाकिलाई वारेज गरि विगाका रुपिञा स्मेत फिर्ता गराई मोहर रुपिञा ५१४ जरिवाना भयो भनि लेखी वक्सी पठायाका पत्रले मालुम गरि सिर चह्रायुं. सुवा चेतनाथले श्री ५ सर्कारका निमक षाई वेइमान गरि आफ्ना घरका रसद वुझाउन पर्न्यामा रसद नवुझाई रसद रुपैया लिया वापत जरीवाना भयाको वहुत मुनासिव हो. दयाधारी होइ वक्सनु हुनाले साह्रै निगाह राषि वक्सनु भये छ. आहा हामीहरुका वुद्धिले र पहुचले भेटचासम्म भर मगदुर स्पाहार संभार गर्याकै छौं काम हो केहि चुक अचुक हो भन्या छेमा राषि वक्सनु पर्छ श्री फर्ष्वामिददेखि अर्ति दाता अर्को कोहि छैन. अर्ति वमोजिम म चल्याका छु. आहाका ओवर चैत्र वदी ११ रोज ४ का दिन सायेतका कागज वमोजिम घडि थापि सिवानाका फलाम सांघु तरि प्रस्थान गर्या फलाम साघुका लडादेखि ५० कदम पुढो गै बढाई गरि षलंगा तहि पर्यो १ पट्टिको सप्तविजन् षासा जान्या वाटोमा षलंगादेखि ५० कदममा विकट रह्यो. षलंगादेखि ५० कदम माथि गैलापतान जान्या वाटोमा विकट रह्यो

१ पट्टिको दाहारि मा निसानसंग रह्याको छ. चैत्र वदि १३ रोज ६ का दिन श्री कम्याण्डर कर्णेल साहेव विर्गेडियर कपतान मेजर कपतान लिस्तिमा आइपुग्नु भयापछि अडाअडा मालङ्गा पार वस्न्या षासा गै वस्न गया. रसद पनि पल्टन गैह्रलाई १०।१० दिनको सामल गरि दिन्युं अरु ८।८ पाथिका दरले वोरामा भारी हार्ली तयार गरी राख्याको छ. मकै पनि भुटि सकि केही सातु पिह्री यो केही पिह्राउनु छ षासा छोस्यां कुतिको रैतान ६०।७० घर हामीतिर आयाकालाई मुचुलका लितहीथा मिदियाको छ षानावार मन्यौ भनि कराउंछन् षासाका रैतिहरुले हामी पिछ्याछौ भनि निसानमा वोका २ दि पूजा चाह्राया शुभम्—

षामभित्र पुजि

श्री कम्याण्डर कर्णेलवाट रसद चलाउन्या. विर्गेडियेर मेजर कपतानलाई अडा वाधी दिनु भन्याको वमोजिम तपसिलका सिपाहि पिपा थलासि–

तपसिल

लिस्ति अडा १ के पट्टी–	८
धारा पानि अडा १ के पट्टी–	८
दुगुना अडा १ के पट्टी–	८
भैरुं कुंड्या अडा १ के पट्टी–	८
कोदाहारी अडा १ के पट्टी—	८
भैंस्या अडा १ के पट्टी–	८

चैत्र शुदि ४ रोज ५ मा

श्री प्राइममिनिष्टरवाट श्री मिनिष्टर जनरललाई लेषि गयाको अम्वाले लेष्याका चिठीको नकल र अम्वालाई लेषि गयाको मसौदाको नकल आइपुग्यो मुनासिव लेषिये छ भन्यार रामनारानले ल्यायाको केरुको षवर सहित जो भयाको विस्तार लेषि पठाउन्या काम वढिया गन्याछौं षाम्सा-म्वाम्दीले लियाको मोहर दस्षत आफैसंग राष्याको रहेछ. यसलाई मानिससाथ गरि केरु पठाई दिन्या होकि हामीसंग साथै लैजा हो भनि लेष्याका कुरालाई हाम्रा ढेवा षाम्सा म्वाम्दीलाई मानिससाथ गरि केरु मा पठाई दिनु भोट तरफ चेवा पठाउनु भन्या हजुरका दस्षत आउंदा पठाया-को छैन भनि लेष्याका कुरालाई षवर वुझदै रहनु पर्छ. भोट तरफ षवर वुझनु पठाई लेषि पठाउन्या काम गर्नु हाम्रा येस्तरफ भोट तरफवाट चिवा चर्चा गर्न नपावस कोही आयाको फेला पऱ्या भन्या पक्री राषनु. येस्ता कुरा-को षवर्दारी हुसियारी राषि काम गर्न तिमी जान्यै छौ. अघि केरु तरफ गयाका अफिसरहरुले लेष्याका षवरका विजिनिस् चिठी २ पठायाछौं आइपुग्यो वाटो भन्या आहाको विकटका हातक विन्ति गरुं मेजर कपतान षता-राम षत्रीले पनि खुपै मिहेनत गरी वनायाको भन्छन् [तर यो वाटो फेर्न वनाया हजुर पाव लाग्दामा निसषराव हुनन् कि भन्या झैं लाग्छ भनि लेष्याका कुरालाई वढीया लेष्या छौ वाटो वनाउनलाई श्री सौह्रनाथ पल्टन र चाहिन्या सराजाम स्मेत लि मेजर कपतान सताराम षत्री आहावाट आउन्या छन् ताकिति गरि वनाउन लाउन्या काम गऱ्या वढीया होला ४ लम्वरका चिठीमा सिपाहि-हरुका हतियार मुढा काटन्या र मानिस काटन्या येकै रह्याछन् र मुढीयाका छन् ४।५ कामीलाई सान्स्मेत दिपठाई वक्स्या वढिया होला भनि लेष्याका कुरालाई पल्टनपिछे सान्स्मेतका आरन गयाकै छन् तस्ले पुग्दैन भन्या फेरी पठाई दिन्या काम गरियेला घडीवाल आई पुग्याको छैन भनि लेष्याका कुरालाई मैह्राका ४।४ रुपिया दर्जा हादि ४ जना घडीवाल पठायाको आजका ८ दिन भयो आई पुग्ला. ह्लासाका अम्वावाट आयाको चिठीका नकल र गयाका जवावी मसौदा पठायाको हो पुगेछ वढिया भयेछ झुगामा कयेद गरि राष्याको लामा स्वास्नी स्मेतलाई माऱ्यो भंछन् भनि षवर ल्याउन्या केरुग्याहरु जना ४ लाई चावल पाथि ६ वक्स दियां भनि लेष्याका कुरालाई वढीया गऱ्या छौं. लामा माऱ्याको कुरा आहा पनि तँरतै सुनिन्छ तहकित हो होइन वुझनु. सेंठा काजि टिगरिमा आई ह्लचितुमा दाकि पठाया र मगत्रा भन्या रामसुन्दरले मलाई लेष्याका चिठीमा रहेछ. तिमी-लाई लेष्याको चिठी पठाई दियाको छ तेसैले विस्तार वुझीयेला पश्चिम तरफका रैति गैह्रले ल्यायाका रसदका

कुरालाई आहावाट पनि ताकितिको चिठी लेषि कप्तान भैरववहादुर पाडे सुवा धनसुन्दरहरुलाई लेषि गयाको छ ताहा तिमीवाट पनि ताकिति हुन्यै छ रैतिहरुको विग्रन पाउन्या छैन भन्या मलाई निश्चय छ च्यांग्रासि देवताको पूजा चलाउन लाउन्या काम बहुत वढिया गर्‍या छौ. केरु ग्या भोटचाहरुलाई वाटो वनाउन लाउदा दिन १ को २ माना चावल दि वनाउन लाउन्या काम गर्नु महताप पुग्दैन भन्या कुरा श्री भाई कम्याण्डर इनचीफ जनरल कृश्नवहादुर कुवर राणाजीलाई लेष्पाका रह्या छौ पल्टन तोपलाई पुग्न्या अंदाजसित गयाको होक्या उसले पुगेन षोलि लेषि पठा. शुभम्–

चैत्र ४ शुदि ४ रोज ५

श्री प्राइममिनिष्टरवाट मेजर कपतान महारुद्र षतूके लेषि गयाको मिम्फैदी गोदाममा रह्याको रसदका भारी झारालि लगाई वेमाष गरि. किटचानि अडामा पुग्यो भन्या र धर्मनारान मार्फत आयाका पाल किला साभि धागो मोरंवाट आयाको थैला १२५० स्मेत आयेछ. वढीया हो. त्यो आयाको पाल डोरी किला साभिथैला गैह आइ पुग्याको. वरावर यस्तरफ चलान गर्दै रहनु शुभम्–

चैत्र शुदि ४ रोज ५

तस्तै विचमा श्री प्राइममिनिष्टरवाट मेजर कपतान भैरववहादुर पाडे प्रोहित चतुर्भुज दत्त अर्ज्याल सुवा धनसुन्दरलाई लेषि गयाको. ताहा तिमीहरुले रसिद भर्दा रसिद गर्दा रुपिआ दिदा वरावर दिदा रह्यान छौ. रैतिहरुका अनाज भर्नामा भन्या. तुरन्त भर्न्या रसिद भन्या ३५।४० दिनसम्म नदिन्या. पछि दिंदा मार. लाटागाडा रैति येति उति भनि थाहा नपाउन्या रसिद पाउन्यालाई जुलुस भयाका ४ रुपिया दिन्यालाई १ रुपिया पनि थाहा नपाउन्या रहेछ. यो मैले विचार गरिहेन्या. कसैलाई थाहा रहेनछ. नेपाल्यालाई भन्या. भरी पनि चाडो दिन्या. रसिद पनि चाडो दिन्या. कालि पारकालाई भन्या ढिल गर्न्या रहेछन् भन्या वेहोरा. श्री भाईमिनिष्टर जनरलवाट लेषि आयो तस अर्थ रसद लाउन्या रैतिहरुलाई जौन वखतमा ल्याई पुऱ्याउछन् उसै वखतमा तुरन्त भरि रसिद रुपिया दिनु. यैस्तै गरि ४०।३५ दिनसम्म ढिला गरी रसिद भर्न र रसिद दिन लाग्यो र ढिल हुन गयो. रैतिको नालिस आयो भन्या तिमीहरुलाई भारि सजाय होला. सो वुझि ताकिति गरि रैतिहरुलाई चाडो उम्काउन्या काम गर्नु शुभम्–

(५१) चैत्र सुदि ६ रोज ७ मा

श्री ५ सर्कारमा विदा भै रवाना भयाका–

दिन घट घडि ११ पला ४५ जांदा श्री पुराना गोरखादेवि दत्त श्रीनाथ पल्टन ३ केरु तरफ रवाना हुनालाई श्री ५ सर्कारमा विदा भयाको सायेत–

रात्रिगन घटि १३ पला ४२ जादा रवाना भयाको–

श्रीनाथ कंपू–	१ को
मेजर कपतान सम्सेरसि–	१
लेफटेन दीर्घमान षत्री	१
कपतान सेवक राम थापा–	१
अजिटन दरीया वसि षत्री–	१
सार्जनसेर वजीरसि थापा–	१
लैन. रत्नविर षवास्–	१
निसान–	२
सुवेदार—	१०
कप्रेल ज्मादार–	१०
नाल–	५११
वानादार–	६

पुराना गोरख पल्टन–	१ को
मेजर कपतान रामु आले—	१
कपतान चतुर आले–	१
लेफटेन आसविर आले–	१
अजीटन जैइथ थापा —	१
लैन. रणकेशर थापा—	१
निसान—	२
सुवेदार—	१०
कप्रेल ज्मादार–	१०

नाल–	५११
वानादार वादसाही वाजा–	३२

देविदत्त पल्टन–	१
मेजर कपतान सुमेदसि कवर–	१
कपतान सिव संषर पाध्या–	१
लेफटेन कासिराम कुवर राणाजी–	१
षरीदार गोविन्द पाध्या–	१
राइटर उदयानन्द पाध्या–	१
अजिटन रत्नसि देउजा–	१
लैन. रणसुर अधिकारी–	१
नीसान–	२
सुवेदार–	१०
कप्रेल ज्मादार–	१०
नाल—	५११
वानादार—	६

चैत्र सुदी ७ रोज १

तस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा. श्री मिनिष्टर जनरलवाट लेखि चह्राई पठायाको चैत्र सुदि ६ रोज ६ मा तोप पल्टन असवाफ स्मेत गरि केरु दषल मर्न्या काम गऱ्या. आहाका रैयत भलाआदमी लामा महाजनहरू आई भेट षाता रुपिया राषि हामी शरण पिछामा आयौ भनि सेतो झंडा ली आयेर वेस गऱ्यौ. हामीलाई पनि श्री प्राइममिनिष्टरवाट सरणमा आउन्या दुनियालाई षातिर गर्नु भनि मर्जि भयाकोछ भन्युं अघि तिमीहरुले जो तिरो भरो गऱ्याको छ उसमा आधि तिर्नु भनि मर्जि भयाको छ भनि सुनाउदा वहुत षुस भया. केरुका जिल्लामा गाउ कति छन् भनि सोध्याउदा गाउको नमेसि हाम्रो ढेवा स्मेत राषि लेषि दिया. फत्यम मारष-को वढाई श्री भैरवनाथ श्री जंगनाथ तोप वम् स्मेतले १ फेरा फयेर गरियो. महतापका कुरालाई मेजर कपतान जसधीर सिं वस्न्यात कपतान ध्वकल थापाले अलिक पुग्या छैनन् भन्दा विन्ति गरि पठायाको हो. केही गाउंका मुषिया लामाहरूले मलाई राष्याको भेट षाता रुपिया गाउंगाउंका तपसिलको कागज चह्राई पठायाको छ. हामी मेजमानि ल्याउछौ लिवक्सनु पर्छ भन्याथ्या. मैले ल्याउनु पर्दैन लस्करलाई आड् वनाउनलाई हारगुहार दिया हुंछ. भन्दा षुसि भै हामी कैल्ले देषि आउं भन्यो र भोलिपर्सिदेषि हाजीर हुनुपर्छ भन्दा हवस भनि गया. आड वनाउनलाई हजुरवाट मर्जि भयाका ठाउंमा. हामी सवैका तजवीजले वनाउनालाई झुगा र ल्हासा तरफवाट आउन्या वाटो हात्न हुन्या गरि वनाउन उर्दिदिया. केरुं सहरका अर्थलाई लामु मैदान छ चार पाट्या छैन. हिउं र चारै तरफका घेरा परि हेमालको फेदीमा सहर रहेछ. रसद इनैलाई वोकाउन भनी मर्जि भयाको हो इनलाई रसद वोकाउदा ज्यालाको दरवन्दी रहेनछ. अव दरवन्दी वाधी ठेगाना गरि विन्ति चह्राई पठाउला मुकाम केरु शुभम्–

५२	तपसिल	
केरुंका जिल्लाको गाउ	ज्मा–	२५
केरुं–	१ ठुङसा–	१
लाङजु–	१ डां	१
लेन्डीडो—	१ षपङि	१
गोहोले—	१ ग्राङगाङ–	१
मल्ले–	१ पाड पोछे–	१
सिक्युङ–	१ लवि–	१
को	१ ङचां–	१
पोङ–	१ प्याङ–	१
धिवु—	१ डोलवु–	१
छोङ—	१ पोङसि—	१
मागल—	१ छुयाङ–	१
नजास्व–	१ नजान्हुय–	१
राहमा–	१	

ताहापछि श्री ५ वुढा महाराजाका हजुरमा श्री मिनिष्टर जनरलवाट लेखि चह्राई पठायाको चैत्र वदि २ रोज २ का दिन हजुरमा विदा भै श्रीं प्राइममिनिष्टर यानका अैन वमोजिम पल्टन टोप लस्कर स्मेत ली चैत्र शुदी ६ रोज ७ का दिन हजुरका प्रतापले केरुं सहर दषल भयो मुकाम केरुं शुभम्–

यो षवर आउदा गौडा गौडाका मालिकका नाउमा चिठि लेषि जांदा गौडा गौडामा वढाइ भयो आहा पनि २१ तोपको सलामि भयो—

५३ चैत्र सुदी ८ रोज २ मा

चैत्रका १५ दिन जांदा गटघटि १५ पला ६ जांदा श्री नम्रा गोरष पल्टन श्री ५ सर्कारमा विदा भै लामवगर तरफ रवाना भयाको—

मेजर कपतान हरिमान सिं वस्न्यात—	१
कपतान वलवहादुर पाडे—	१
लेफटेन अम्वरवहादुर भंडारि—	१
राइटर वलभद्र पाध्या—	१
अजिटन फत्यसिं षत्री—	१
लैन भक्तविर घर्ती—	१
सुवेदार—	१०
नीसान—	२
कप्रेल ज्मादार—	१०
नाल	५११
गोलंदाज—	१२
वानादार—	६

तस्तै वषतमा श्री प्राइममिमिष्टरका हजुरमा कपतान नरध्वज कार्किले चह्राई पठायाको ह्लासावाट आउन्या दु आङ नामग्याल आहावाट विदा भै आफ्ना साथका मानिस स्मेत ली आयाको छ येसलाई सरासर जान देउ अरु ह्लासा डिगर्चा टीगरि भोट तरफवाट चिठी पत्र ली आहा भेट गर्न आउन्याहरुले सेतो धोजा घुमाई आउन्या वकिल हुन् तिनिहरुलाई वदुकतिर कमान् भाला वर्छा वाहेक च्यापसा ली आउन्याहरूमा २५।३० जनासम्म आउन दिनु यस्ता रीतसंग आउन्यालाई फौजमा जस्ले हतियार चलाई काटौला मारौला कुटौला वाधौला पाता फर्काउला माल असवाफ गैह लुटौला तेस्ता मानिस जंगी ऐन वमोजिम काटीयौला ति सेना धोजा लि आउन्याहरुलाई षातिर त सल्लह गरि आहा आउन भनि आयाकालाई चाहिन्या कुराको वन्दोवस्त गरि आहा पठाई दिनु ताहा तिमीहरुसम्म आउन्यालाई षातिर त सल्लह गरि उनिहरुले गर्याका कुराका मुनासिफ जवाव दी विदा गरि पठाउनु भनि लेषि आयाको सिर चह्राव्युं. ह्लासावाट आउन्या इआङ नामग्याल आहावाट विदा भै आफ्ना साथका मानिस स्मेत ली आयाको छ यस्लाई सरासर जान देउ भन्या मर्जि माफिक षुवुको वाटो गरि आउन्याहरुलाई सरासर जान दिउला अरु ह्लासा डिगर्चा टिगरि भोट तरफवाट चिठीपत्र ली आहा भेट गर्न आउन्याहरुले सेतो धोजा घुमाई आउन्या वकिल हुन् तिनिहरुलाई वन्दुकतिर कमान भाला वर्छा वाहेक च्यापसा ली आउन्याहरुमा २५।३० जनासम्म आउन दिनु भन्या मर्जि माफिक वाटाको सहि सम्भार राषि हजुरका चरणमा पठाई दिन्या काम गरुंला सेतो धोजा लियाको तिरक मान भाला वर्छा लियाको २५।३० मानिस देषि पनि वढता आयाकालाई वुझि हजुरमा अर्जि चह्राई पठाउला र मर्जि आया माफिक गरुला ताहा तिमीहरुसम्म आउन्यालाई षातिर तसल्लह गरि उनिहरुसंग गर्याको कुराको मुनासिव जवाव दि विदा गरि पठाउनु भन्या मर्जि माफिक वुद्धिले भेट्टायासम्म षातिर तसल्लह गरि राजि षुसि विदा गर्न्या काम गरुंला शुभम—

चैत्र सुदी ८ रोज २ मा

ताहापछि श्री प्राइममिनिष्टरवाट श्री मिनिष्टर जनरल लाई लेषि गयाको टिमुन्यावाट रसुवाको सांघुतरि जंगनाथ गोरखनाथ पल्टन वस्याका ठाउंमा पुग्यौ. कोस १ रहेछ. आहावाट प्याङके दो सवा कोश रहेछ. आहा वसि ३ कोससम्म वाटो वनाई येक दिनमा जाउंला फेरी उहि डवलसंग वढन्या काम गरुंला भन्या विस्तार स्मेत लेषि पठाउन्या काम वहुत वढिया हो. पान सये षोलाका मानिस षाम्साम्वाम्दीले ज्मा गर्न सक्दो रहेनछ. सिपाहि पठाउ भन्या केहि विहुत पर्न जाला भन्नाले पठाउन सक्याको छैन येसै दाकदा भन्या ३०।४० मात्र ज्मा हुन्छन् तेतिले मात्र काम चल्दैन भनि लेष्याका कुरालाई अरु कुराको विजाजी विद्दत केही नगर्नु भनि सिपाहिलाई उदि दि पान सय षोलामा सिपाहि पठाई झारा गरि वाटो वनाउन लाउन्या काम गर्नु. त्यो भेटियाको लेषनु पर्छ.

छ पनि २ पाहाडीया हैजरको १ ज्मा घां ज्याल ३ पनि पठाई वक्स्या वढीया होला भनि लेष्याका कुरालाई घां ज्यान ३ पनि पठाई दियाको छ पुग्ला गोला भरन्या वारुदमा १२ मुरि आयाको रहेछ २१ मुरि पठाई वक्स्या जावस् भनि लेष्याका कुरालाई पठाई दियाको छ मेजर कपतान सताराम षतूले ल्यायाको तोपको षजाना र गोलं दाज स्मेत रसुवाको साघुमा रह्या वढीया होला भन्या मेरा चित्तमा आयाको तजवीजमा ठह्न्या पठाई वक्स्या जावस तहवीज मान ठह्न्या नपठाई वक्सनु हवस् भनि लेष्याका अर्थ मेजर कपतान सताराम षतूले लग्याको तोप रसुवामा राषन्या तजवीज वेस गऱ्याछौ ताहा रसुवामा राषन्या काम गर्नु ताहावाट भर्ना नभयाका २२२ भाग्या-का ३४ ज्मा पिपा जवान २५६ छन् सुवेदार अैमान षत्रीसंग रह्याका नउठ्याको भारि उठ्न्या गरि चाहीदो लग्या भनि लेष्याका अर्थ भारी उठ्न्या गरि सुवेदार अैमान षत्रीसंग रह्याका पिपाहरूलाई वोकाई लैजान्या काम वढीया गऱ्या छौ १ सांघुले निर्वाह हुन्या छैन फर्क्या पनि हाल भनि उर्दि दिन्या काम वढीया गऱ्याछौ सुवेदार-वाट तजवीज गरि विन्ति चह्राई पठाउनन्. सो माफिक गरि वक्स्या जाला भनि लेष्याका अर्थ सुवेदारले तजवीज गरि विन्ति गरी पठाउनन् उसै माफिक जो गर्नु पर्न्या कुराको वन्दोवस्त गरि पठाई दिन्या काम गरियेला षाम्साम्वाम्दीलाई पान्सये षोलाका रैयति सवै ज्मा गरि ल्या भनि उर्दि दिन्दा २५।३० लाई ज्मा गर्नु पनि जुलुम हुन्छ भन्या मैले जाहा षानसये षोलाका मानिसलाई काम लाउनु भनि उर्दि दिन्ना. येसलाई सनत पत्र छैन सनद गरि पठाई वक्स्या जावस् भनि लेष्याका अर्थ अघी वाटो सांघु झारा गरि वनाउन लाउनु भनि सनद पठायाको हो. फेरी पनि पठाई दिन्या काम गरीयला कोत्या २ भर्ना भै आया १ को चुक ठहरी ताही आयाको छ १ को र भाई श्री जनरल जगत्संम्सेर जङ्ग कुवर राणाजी याही छन्. त्यो थामिन्या र षोसिन्या सुवेदार अैमान षत्रीलाई लेषि वक्स्या जावस् भनि लेख्याका कुरालाई त्यो कोट्याको कुरा भाइ जनरलसंग वुझी सुवेदारलाई लेषि पठाउन्या काम गरिएला ६ लम्वरका चिठीमा च्यांग्रासि देवता पनि ल्याइ राष्या केही घर दुनियालाई पनि तसल्लह गरि झिकायेछ लामाले र चिटुंले रामनारानले चह्राई पठाया-को चिठी विजिस चह्राई पठायाको छ. प्याङ गाउंका रैतिहरु भाग्याका रह्याछन् केहि आया तिनका तसल्लह-लाई केहि रुपिया पनि इनाम दिन्ना भन्या विस्तार वढीया लेष्या छौ लामाले र चिटुंले लेष्याको भोट्या अक्षरका चिठी २ र रामनारानले तिमीलाई लेष्याको विजिनिस चिठी १ आई पुगि सवै विस्तार वुझियो. लामाले लेष्याको चिठीका उतारा हाल पठाउन्या ठहरीयन. चिटुंले लेष्याको चिठीको जवाप श्री कम्याण्डर इन चीफ जनरल कृष्ण-वहादुर कुवर राणाजीका भाषावाट लेषि पठायाको छ त्यो चिठी ताहा पुग्नी वित्तिकै चिटु छेउ पुग्न्या गरी पठाइ दिन्या काम गऱ्या वढीया होला. चिटुंले लेष्याको चिठीको उतार चिटुंलाई श्री काहीला भाईवाट लेषि गयाको मसौदा लामाले लेष्याको चिठीको उतार पठाई दियाका छन विस्तार तेसैले वुझीयेला. प्याड गाउंका भाग्याका रैतिहरू केही आउंदा तसल्लहलाई केहि रुपिया इनाम दिन्या काम वेस भयेछ. पाथि माना कुरुवा तुला ढकमा छाप लाउन्या टक र हजार वाह्र सये रुपियाको पैसा पठाई वक्सनु होला भनि लेष्याका कुरालाई वढीया लेष्या छौ. तस्को पनि ठेगाना भै आउन्या काम होला शुभम्—

चैत्र शुदि ८ रोज २ मा

तस्तै वीचमा श्री कम्याण्डर इन चीफ जनरल कृष्णवहादुर कुवर राणाजीवाट केरुंको चिटुङ ढेवालाई लेषि गयाको श्री प्राइममिनिष्टर दार्ज्यैज्यूलाई नजर भै जाहेर भयो. ह्लासाका वडा अम्वालाई लेषि गयाको वेहोरा पनि तिमी-संग पनि येही कुरा हुन्. पूर्वतिर कुतिको अम्वलसम्म र केरुंतिर झुगाका अम्वलसम्म हाम्रा फौज जान्य छ. वैशाष मैह्नाका १५ दिन जांदासम्म ताहादेषि फौज वढन्या छैन कसैले हातहतियार चलाया भन्या लडन्या छन् कसैले हातहतियार चलायनन् भन्या लडन्या छैनन् भन्या कुरा ह्लासाका वडा अम्वालाई पनि यहि कुरा लेषि पठायाको छ, तिमीलाई पनि येही वेहोरा भन्याको हो वेहोरा पनि यस्तै हुन्या छ फरक पर्न्या छैन यस्मा हामीले भन्या वमोजिमका रुपिया जमीन देला भोटवाट मिलन आउला ता वेसै छ दुवैतिरका लस्कर पनि वाचनन् रैतिहरुलाई

पनि सुभीता होला. तिम्रो हाम्रो पनि मेल होला बढीयैछ. लडन तकि हो भोट हाम्रो होला कि नेपाल भोटको होला जसले जितला उही श्री ५ बादशाहको पियारो भै वाहाका हुकुम वमोजिमको काम गर्न सामर्थ भै रहला करवडो रुपियाको षजाना लाखौ फौज तयार गऱ्या पछि वैशाष मैह्नाका १५ दिन जांदासम्म लडदछन् भन्या आफ्नु फौज तयार गरी लडन आउनन् मिलछन् भन्या श्री प्राइममिनिष्टर दाज्यैज्यूवाट मर्जि भया वमोजिमका रुपिया र जगादि मिलन आउन श्री प्राइममिनिष्टर दाज्यैज्यूवाट मर्जि भयाका कुरामा रौ प्रमान पनि फरक पर्न्या छैन शुभम्–

चैत्र सुदि ८ रोज २ मा

तस्तै विचमा श्री प्राइममिनिष्टरवाट कपतान अम्बर सिं कुवर राणाजीलाई लेषि गयाको श्री वरष पल्टन चाहिन्या रसद मोस्ताङ तरफका जनावरलाई वोकाई वैशाषका ३ दिन जादा मोस्ताङवाट हिडनु भन्या तिमीलाई सायेतको पुर्जि स्मेत लेषि गयाको हो. त्यो सायेत गरि जांदा वाटामा हिउंले थुन्या रहेछन्. भन्या तेस सायेतमा हिडन्या काम नगर्नु वाटो खुला रहेछ भन्या तेस सायेतमा हिडन हिउंले वाटो षुल्याको रहेनछ भन्या. वैशाषका १५ दिन जादा हिड्या पनि हिउंले थुन्या रहेछ भन्या कतिज्यालस्म हिउ षुलन्या रहेछ. ताहाका जान्या सुन्या मानिसहरुसंग सोधिय तीज्याल गया. हिउले छेकन्या रहेन छ. यस दिन हिडन्या छौं. भन्या ठहराई ५ का तजवीज गरि आहा चाडो लेषी पठाउ उसै दिन जान्या काम गरौला ताहा तजवीज नगरी हिड्या पछि लस्कर हिउंमा परि वितवल पाऱ्यौ भन्या तिमीदेषि म साह्रै रिसाउन्या छौ मोस्ताङवाट वैशाषका १५ दिन जांदासम्ममा पनि हीउले वाटो षुलन्या रहेनछ. ताहा धेरै दिन वस्नु पऱ्यो भन्या र सकिछ भन्या पल्टन स्मेतलाई पाल वनाउनु सकिदैन भन्या षजानाको वचाउ गर्न्या पाल मजुगुति गरि वनाउनु रुपैया पुगेन भन्या मोस्ताङ छार्काटीनि पांच गाउं झार कोट वाह्र गाउंमा सापत ली पाल वनाउनु ताह्रावाट हिडदा मोस्ताङ छार्काटीनि पांच गाउ झारकोट १२ गाउं थाक तरफका चौरी गैह्र भारी वोकन्या जनावर येक वाकि नराषि रसद वोकाई लैजान्या काम गर्नु मोस्ताङ सीवानाका नजिकै छ डाकाहरु परिवित वल पर्ने जाला ताहा वसंजीसम्म पनि पहरा चौकि राखि वहुतै हुसियारी षवर्दारीसंग रहन्या काम गर्नु शुभम्–

चैत्र शुदि ९ रोज ३ मा

श्री प्राइममिनिष्टरवाट श्री जनरल वद्री नरसिंह कुवर राणाजीलाई लेषि गयाको श्री वरष पल्टनको सुवेदार रत्नमानसिंलाई गरी आफ्ना वन्दुक नहुन्या पगरी लगायेत कप्रेल ज्मादार तकलाई जगेराका वंदुकमध्ये ११ नाल दी नीज पल्टनका विकंवा वंदुक १२१ नाल भर्ना ली श्री सेर सवुज पल्टनका षारेजी जगेराका वन्दुक १२१ नाल दी नीसान आही राषी नऱ्या झंडा २ तयार गरी षर्षजाना स्मेत गरि उर्दी दिन्या कुरा उर्दि दि चैत्रका ८ दिन जांदा श्री वरष पल्टनलाई मोस्ताङ तरफ रवाना गऱ्या विस्तार लेष्याका अर्थ वहुतै वढीया गऱ्या छौं मैले भरोसामानि अह्रांई पठाया वमोजिम जवान चौपहलिया हुसियार पगरी सिपाहि पजनी गरि तयारी पल्टन पठायाछौ आइ पुग्या पल्टन हेरि वहुत षुस भया यो पल्टन वहुत लायकको रहेछ. श्री नऱ्या गोरष पल्टनको तानावानादि राषन्या काम गऱ्या. आहा केरु कुति तरफ आजसम्म हिउले वाटो षुल्याको रहेन छ ताहा मोस्ताङवाट पनि वैशाषका ३ दिन जादा हिउले वाटो षुल्याको रहेन छ. भन्या सायेतको पुर्जी गयाको छ तापनि नहिडनु भन्या मेरो चिठी कपतान अम्बरसिं कुवर राणाजीलाई मोस्ताङ पठाई दिन्या. सो चिठीका मसौदा पठाई दियाको छ. तेसै विस्तार वुझी तेस्ता लेष्या वमोजिम ताकितिको चिठी तिमीले पनि नीज कपतानलाई लेषी पठाउन्या काम गर अघी वरषका षाली गोलंदाज पठाई दिनु. तोप वही दिन्या काम होला भनि मर्जि गरि वक्स्या वमोजिम पठाई दिन्या काम गऱ्या. तोप ताहि दीनु भनी कमांडीयेरहरूलाई मर्जि गरि वक्स्या वढीया होला भन्या कुरा लेष्या छौ. तोपहरू दिनु भनि कमांडीयेरहरूलाई अह्रांई पठाउन्या काम गरौला श्री मिनिष्टर जनरल भाई पल्टन ली फागुनका २३ दिन जांदा गऱ्याको विस्तार अघी लेषि पठायाको हो फेरी चैत्र शुदि ७ रोज १ का दिन श्रीनाथ १ पुराना

भोट १ देविदत्त १ जमा पल्टन ३ र आफ्ना षरषजाना पाल स्मेत वालाज्यूवाट केरु तर्फ हिड्या. श्री जनरल भाई जगत सम्सेर जङ्ग कुवर राणाजी पनि पल्टनैसंग जान्या थिया मेरा श्री कांछा रानीतिर छोरी पैदा हुंदा सुतकले थामियाका छन् चैत्रका २२ दिन जांदा पल्टन केरु पुग्न्या वेलामा भेटाउन्या गरी जान्या काम गर्छन् दुई भाईका हीफाजतलाई कर्णैल उमाकान्त सापकोटा साथैमा जान्छन् हातहतियार ली लडन आउन्यासंग मात्र लडनु दुनिआ प्रजा लामा गैह्र कसैलाई केही नगर्नु. लुटपीट केही पनि नगर्नु भन्या उर्दी दी पठायाका छन् चैत्र शुदि ६ रोज ७ का दिन श्री मिनिष्टर जनरल भाई-ले केरु मुलुक दषल गरि तोप वम स्मेतको येक सलक वढाई गर्न्या छन्. वाहाका भलाआडमी लामा महाजनहरु शरण पिछामा आयुं भनि षाता रुपिया राषी मिजमानी स्मेत दीन आया छन मेजमानिका कुरालाई तिमीहरुले ल्याउनु पर्दैन लस्करलाई आड पयेड वनाउनलाई गुहार दिनु अव तिमीहरुले जो तिरो गर्न्याको छ. उस्मा आधि तिर्नु भन्या श्री मिनिष्टर जनरल भाईवाट तर तसल्लह गर्दा षुसि भै जो कामलाई वक्सनु हुन्छ सो काममा हाजिर छौ भनि सामेल भया छन् भोट तरफवाट लडन भन्या आजसम्म कोही आयाको छैनन् सेठा काजि पनि टिगरिमा आइ रहेछ शुभम्–

चैत्र शुदि ६ रोज ३ मा

तस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल वद्रीनरसिंह कुवर राणाजीले चह्राई पठायाको सवै सवै मानिस रसदमा जानाले पाइदैनन् भन्या लेषि आउंदा केही जवान आहा भर्ना हुनगयो. दोश्रा लम्वर पल्टनमा जो भर्ना भया भया अव यो चिठी पुग्याका मितिदेषि वन्द गरि भर्ति भयाका जतिलाई वन्दुक दी भर्नाको नामासि ठडा स्मेत आहा पठाई दिन्या काम गर. लेषी वक्स्याका अर्थ अघी उस्तै वेहोरा थियो र जाहेर गर्न्याको हो. हजुरका इकवालले रसदवाट मानिस फिरी आउंदा पछि हडवड पर्न जाला भन्ना निमित्त दोश्रा लम्वरमा दर्सन गराउना लागि रह्याछु भन्ये र श्री वलष पल्टन-लाई अघी साधी पठायाको जवाव आउन साप गासन पाउंदा केहि जगेरा र. श्री सेर सवुजका षारेजी जाची सावुद नाल भर्ना दी. विकम्वा माल वुझी लि सुवेदारि भर्ना गरि मुस्ताङ तरफ पठाउन्या काम गर्न्या भन्यानि अघि विन्ति चह्राई पठायाको हो अवर मर्जि वमोजिम चिठी पुग्याका मिति तक भर्ना भयाका जवान पगरि लगायेत कप्रेल तकलाई संगिन् स्मेतका तैयारी वन्दुक र नीसानलाई झंडा २ दि ताहा भर्ति गर्न पर्न्ये जवानलाई वन्दुक नभै हुवैन भनी नीज पल्टनलाई षाली जवानका वंदुक स्मेत वोकाई पल्टन षडा गरि दोस्रा लम्वर पल्टन १ लाई चैत्र शुदि ६ रोज ३ का दिन आहावाट रवाना गर्न्या काम गर्न्या मजकुर पल्टन कानामासि ढडा चह्राई पठायाको छ. दाषिल होला मानिस नजरमा ठहर्न्या लायेक छैन नीज पल्टनलाई दर्माहा वाडी वक्सदा सलामी मेहरमानगी गरी वक्सी कारिन्दाहरुलाई अह्राई वक्स्या वढीया होला पैह्ला लम्वर पल्टनलाई ताकितमा कमति गरि भर्ना गर्न शकनस् भनि नामंजुर भै लेष्याको होइन भन्येर. वुटौलमा पैसाले मोहर साटन्या कुरामा डिठा राजमानसीलाई मुनासिव लेषेछस् वनेका पीपामा आहा-वाट लेषि गया माफिकको षजाना नअटाउदा पिपा १ मा गोलि स्मेतका गठ्ठा ३२ पत्थर ३२ का दरले मह-ताप स्मेत पठाउदा म षुसि भज्ञा. भनि लेषि वक्सदा हजुरका सिक्ष्या वमोजिम सवै काम कुरा हुन गयेछ भन्या वहुत षुसि लाग्यो श्री भाई लेफतेन कर्णैल जङ्गध्वज कुवर राणाजीलाई नीसान टहलुवा १ राषी वांकी पिपा षंलासि र रुपैया चाडो पठाई देउ भनि आहावाट लेषि गयाको छ. तैले पनि श्री सम्सेर जङ्गका पिपा षलासि झीकि अघी लेषी पठाया वमोजिम पल्टनका साथ षजाना वोकाई पठाउन्या काम गर्नु भनि लेषि वक्स्याका कुरालाई पल्टन र जो चाहीन्या षजाना ली सायेतका पुर्जि मुताविक मुस्ताङ तरफ रमाना भयो मेरा तरफवाट श्री भाई लेफ्टेन कर्णैल जङ्गध्वज कुवर राणाजीलाई येस मुद्दामा धेरै पटक लेषि गयो फेरी मर्जि वमोजिम पिपा षलासि रुपैया चाडो पठाई देउ भनि लेषि पठाया आइपुग्यापछि अघिका दरले षजाना-का पिपा वोकाई सैनालका हुदा सिपाहि साथ लगाई

मुस्ताङ तरफ पठाउन्या काम गरुंला जगा जगालाई चाहिन्या षरचजाना रसद गैंहको वन्दोवस्त वाधी दोश्रा पटकमा चैत्रका १३ दिन जादा श्रीनाथ देवीदत्त पुराना गोरष ज्मा पल्टन ३ ली श्री भाई जनरल जगत सम्सेर जङ्ग कुवर राणाजी र कर्णेल उमाकान्त पाध्यालाई केरुं तरफ पठाई पठाउन्या काम गर्छु केरुं तरफ जान्या फौजलाई वैशाषका १५ दिन जांदासम्म झुगादेषि नवढनु कुति तरफ जान्या फौजलाई भैरव लंगुर ननाघनु भनि उर्दि दि पठाका ताहासम्ममा भोटवाट अधिको हाम्रो कुति केरुको कुकुर घाटका सिवाना जुमला तरफ सिष आउन्या वाटो थुंनु ताकलाषार सिवाना र १ करवर रुवैया दिघा गर्न्या भन्या हाम्रा फौज फिरी आउन्या छन्. भोटवाट सलुक गरेनन् भन्या हाम्रा फौज थपिया पछी घा गर्न्या भन्या पनि मान्या छैन आफुहरूले गोर्खा भोट मिलुन भनि भर्सक्य गर्नुभयेथ्यो. आफुहरुको भये नराषी षरतरि वस्न्या हाम्रा रैयतलाई मारी चौरी असवाफ लुटी लै गया पछि सहन सक्यौंन लडदछौं श्री ५ वादसाह-का हकलाई र हामी आयाले पनि हेर्न सकदौंन हात जोरि नुह्याका छौं. विनिया सिपाहि ताक्ना अदनासंग पनि हाम्रा लडनाको सामर्थ छैन नीज सिपाहिहरु भोटका फौजमा रहुन् फरक गरि वक्सनु भया वढिया होला भन्या वेहोराको ह्लासाका वडा अम्वालाई पनि लेषि गयो भोटेको सेक्या काजि पनि टिगरिमा आयो भंछन् म पनि सवै चाडो मिलाई भोटेले क्याडवल गर्छ वुझी पछिल्ला पटकमा जान्या काम गरुंला भनि लेष्याका वेहोरालाई वेस तजवीज गरी मसौदा लेषि वक्सीयेछ. श्री ५ वादशाहसंग चमक गर्न हामीलाई क्या सरोकार छ हजुरमा सवै जाहेर छ भोटेको सेठा काजि टिगरिमा आयो तापनि हाल हजुरवाट पाउ लागि वक्सन कसो होला भोट्यासंग हात जोरिया पछि फौजका षवर्दारी राषि साह्रै सिफिस्ती षान्या डवल ल्यायो भन्या काम ठुलो छ. हजुर दाता हुनुहुन्छ दर्वारको तर्जुमा मिलाई चाहिन्या षजाना समेत भारी फौज ली वेला अनुसार मुनासिव माफिक तजवीज गरि जो परि आयाको काम कुराको वेवस्था वाधी वक्सनु हुन्यै छ भनी येकिन छ कामका जरोरी पर्दा केटाकेटीको गहना पंडी नदीना नाथ पाध्या मार्फत १० हजार रुपिया ली कपतान अम्वरसिं कुवर राणाजीलाई पठाई दिन्या काम वढीया भयेछ. ति वंधक राखी लियाका ७ हजारको सुन लागन्या छैन भन्या सिक्ष्या वक्सियेछ. नीज पंडित र आहा मर्महाजनसंग २ पटक गरि ज्मा १० हजार ली मजकुर कपतानलाई पठाई दियाको हो ७ हजारको सुन मात्र लेषि आयेछ वाकि ३ हजारको पनि ठेगानालाई वक्सनु हुन्यैछ. दिवाकर पाध्या पुराना पनि हुन्. आजसम्म आही रह्या-का हुनाले सुवांगी दिन्या काम गर्न्या मुकाम तान्सेन शुभम्–

चैत्र शुदि १० रोज ३ मा

श्री प्राइममिनिष्टरका हजुरमा कपतान सिव संघर पाध्याले चह्राई पठायाको कुलुं तरफ जांच गर्न जान्या वहीकार हुंदा सिपाहिलाई भोट तरफ वाटो कस्तो रहेछ हेर्न पठाउनु भनि लेष्याका थिया कालजङ भन्याको भोट्याहरुलाई सोझपुछ गर्न्या छन् र टिगरि मैदान निस्कन्या वाटो सोझो पनि रहेछ. चौरी वरावर हिडदा रह्या छन् सानु मजुवादेषि वाला १ संघुवा २ सिचर्दी ३ उढ्याला षरक ४ चिकि मोदर वडार ५ षोला षरक ६ डोड प्र ७ केडाङ् ८ लंगुर वल्लो फेदीं षान्या वदार सेरसि चौरि षरक ९ लंगुर काटी दुवा फुवदार १० हावापार ११ ताहादेषि हटिया चांटा जान्या मुलवाटो भेटदछ ताहादेषि ८ दिनमा टिगरि मैदान पुग्छ. यो वाटो साह्रै सोझो पनि छ. भोट्या आयो भन्या कसैले थाहा पनि पाउन्या छैनन् दिडला गढी आइपुग्छ भनी विस्तार गर्न आया र विन्ति चह्राई पठायाको हो माझ किरातको रसद हटीया चांतांमा लंगी राष्या वढीया होलाकी जो मर्जि शुभम्–

चैत्र सुदी १० रोज ४ मा

श्री प्राइममिनिष्टरवाट श्री मिनिष्टर जनरललाई लेषि गयाको चैत्र शुदि ६ रोज ७ का दिन केरुं मुलुक दखल गर्न्या काम गर्न्या. आहाका भलादमी लामा महाजनहरु आई भेटषाता रुपिया राषि हामी शरण पिथ्यामा आयौं

